मध्यान्ह
१२ माघ २०७९, बिहीबार । 26 January 2022, Thursday

# नयाँ शक्तिको परीक्षण



टंक पन्त

जनताका प्रतिनिधि आफैले लेखेको संविधान अनुसार दोस्रो पटक ०७९ मंसिर ४ गते सम्पन्न निर्वाचनपछि बनेको संसदले जनताको भावना अनुसार कति काम गर्न सक्छ भन्ने कुरा अझै हेर्न बाँकी नै छ। करिब ३ करोड नागरिकको आवाज बुलन्द गर्ने, उनीहरुको समस्या उठाउने र समाधान गर्ने जिम्मेवारी बोकेका २ सय ७५ जना सांसदले जनभावना अनुसार प्रभावकारी भूमिका निर्वाह गर्नुपर्ने दायित्व छ । तर त्यसमा उनीहरु कत्तिको खरो उत्रिन्छन् र त्यो जिम्मेवारी पूरा गर्छन् कि गर्दैनन् भन्ने कुरालाई नागरिकहरु यतिखेर वाच गरेर बसेका छन् । यो संसद प्रारम्भ भएको धेरै भएको छैन, सरकारले एक सय दिन पनि पूरा गर्न पाएको छैन । यसर्थ अहिले नै समीक्षा गर्ने बेला भएको छैन । तर पनि यो संसदले बिगतको जस्तो प्रभावकारी भूमिका निर्बाह नगरेमा अब नागरिकहरु बिगतमा जस्तो सहने, धैर्यता राख्ने पक्षमा छैनन् भन्ने कुरा जनप्रतिनिधिहरु र सरकारलाई हेक्का हुनुपर्छ ।



बहुदलीय ब्यवस्था पुनर्थापनापछि जनताले अब जनताको पक्षमा काम हुने भयो भनी निकै खुशियाली मनाएका थिए । बिडम्वना नै भन्नुपर्छ त्यो खुशी धेरै दिन टिकेन । निरंकुशता बिरुद्ध एक भएर लडेका दलहरु एकआपसमा लडाइ गरेर समय बिताए । जति जनअपेक्षा थियो त्यो २५ प्रतिशत पनि पूरा गर्न सत्ता हाँक्ने दलहरु सक्षम भएनन । जसले गर्दा बहुदलीय व्यवस्था पुनर्स्थापना भएको पाँच वर्ष नहुँदै एउटा शक्ति विद्रोहमा उत्रियो । उक्त बिद्रोहको घोषणा गर्ने नेतृत्वले त्यसलाई जनयुद्ध नाम दिएको थियो । नभन्दै केही वर्षमै त्यो बिद्रोह जनयुद्धकै रुपमा देशभरि फैलियो । जनताको ठूलो हिस्सा त्यो संघर्षमा सामेल हुन बाध्य भयो । गणतन्त्रका लागि त्यो जनयुद्ध सहयोगी पनि बन्यो । यद्यपि राजा वीरेन्द्रको वंश नाश हुने गरी भएको राजदरबार हत्या काण्डले गणतन्त्रको बीजारोपण गरेको थियो ।

आखिर ०६२/०६३ को जनआन्दोलनले गणतन्त्र ल्याइछाड्यो । राजा ज्ञानेन्द्रले सहज रुपमा जनभावना र मित्र राष्ट्रहरुले दबाब थेग्न नसकेर गद्दी त्यागे । जनधनको ठूलो क्षति हुन दिएनन् । देशमा गणतन्त्र आयो । नागरिकहरुका यति धेरै उत्साह बढ्यो अब त आफनो पक्षमा केही भएरै छाडछ भन्ने आशा र भरोसा जाग्यो । ठूलो राजनीतिक परिवर्तनपछि आर्थिक स्थिति कमजोर भएकै कारण परिवार पाल्न र बालबच्चा पठाउन बिदेश जानुपर्दैन भन्ने एक खालको विश्वास आम नागरिकहरुमा थियो तर त्यो विश्वास र अपेक्षा पनि आशा र भरोसामै सीमित हुन पुग्यो । तर पनि नागरिकहरुले धैर्यतापूर्वक दलहरुलाई समर्थन जारी राखे । जनताको त्यो समर्थन जारी रहेपनि जनभावना अनुसार बनेको संविधान अहिले पनि पूर्ण रुपमा कार्यान्वयन हुन सकेको छैन । जसको मार नागरिकहरुले अहिले भोग्दै आएका छन् । भ्रष्टाचार रोकिनुको सट्टा बढ्दो छ । नीतिगत भ्रष्टाचार चरम रुपमा रहेको कुरा ट्रान्सपरेन्सी इन्टरनेशनलले वर्षैपिच्छे रिपोर्टमा उल्लेख गर्ने गरेको छ । सबैतिरबाट खबरदारी गर्दागर्दै पनि नीतिगत भ्रष्टाचार चरम रुपमा बढेको छ । त्यति हुँदा पनि अहिलेसम्म जनताको प्रतिनिधिमुलक थलो मुकदर्शक जस्तो बन्दै आएको छ ।

संविधानसभाले बनाएको संविधान अनुसार निर्वाचित संसद र त्यो संसदबाट झण्डै दुई तिहाइको समर्थन पाएको शक्तिशाली सरकार पाँच वर्ष पनि टिकेन । उल्टै संसद दुई दुई पटक विघटनको चेपुवामा पर्‍यो । जसको अहिले पनि नागरिकले उपयुक्त जवाफ पाउन सकेका छैनन् । दुई तिहाइको सरकार पनि टिकाउन नसकेकै कारण ०७९ मंसिर ४ गते सम्पन्न निर्वाचनले कुनै पनि दललाई बहुमत नदिएको बिश्लेषण गर्नेहरु पनि छन् । त्यो विश्लेषण कति जायज छ भन्ने केही समयपछि स्पष्ट हुनेनै छ । जनतामा बढेको निराशाले गर्दा नै वर्षौंदेखि लोकतन्त्रका लागि जेलजीवन र संघर्षमा होमिएका दल र नेताहरुलाई मंसिर ४ को निर्वाचनले सवक सिकाएको छ ।

निर्वाचन हुनुभन्दा केही महिना अगाडि मात्र संगठित जस्तो भएर दर्ता भएको दल निर्णायक शक्तिका रुपमा संसदमा उदाएको छ । जब नागरिकहरुमा निराशा बढदै जान्छ त्यो लोकतन्त्रका लागि राम्रो मानिदैन । लोकतन्त्रको ठेक्का नै लिएको छु भन्नेहरुलाई चुनौति दिदै केही नयाँ शक्तिको उदय भएको छ । निश्चय नै उनीहरुको भुमिका कस्तो हुन्छ अझै केही समय हेर्न बाँकी छ । तर सांकेतिक रुपमा के भन्न सकिने अवस्था छ भने संसदमा उदाएका नयाँ शक्ति जुन रुपमा सरकारमा गएको छ त्यसले जनतालाई धेरै भरोसा दिएको प्रारम्भिक अनुभूति छैन । केही समय त्यो नयाँ शक्ति प्रतिपक्षमा बसेर संसदीय अभ्यास मार्फत जनताको पक्षमा सशक्त भूमिका खेल्नसक्नुपर्थ्यो भन्नेहरुको बलियो र तर्कपूर्ण मत रहेको छ।

अहिले पनि जतिसुकै क्रान्तिकारी ठूला कुरा गरेपनि काम गर्ने शैलीमा कुनै परिवर्तन आएको छैन । गणतन्त्र आएपनि, नयाँ नयाँ शक्ति संसदमा देखिएपनि सिंगो काम गर्ने संयन्त्रको प्रवृत्तिमा कुनै परिवर्तन भएको छैन ।

> संसदमा उदाएका नयाँ शक्ति जुन रुपमा सरकारमा गएको छ त्यसले जनतालाई धेरै भरोसा दिएको प्रारम्भिक अनुभूति छैन । केही समय त्यो नयाँ शक्ति प्रतिपक्षमा बसेर संसदीय अभ्यास मार्फत जनताको पक्षमा सशक्त भूमिका खेल्नसक्नुपर्थ्यो भन्नेहरुको बलियो र तर्कपूर्ण मत रहेको छ ।

प्रविधिमा विकास भएपनि प्रवृत्तिमा परिवर्तन नआएसम्म जनजीवनमा पनि परिवर्तन हुन सक्दो रहेन्छ । जनताबाट निर्वाचित भएर संसदमा पुगेपछि जनतासँग वाचा गरिएका कुरा बिर्सिने विगतको परम्परा यो संसदले नदोऱ्योऱ्याएसम्म जनताको आशाको त्यान्द्रो बाँकी रहेको ठानिने छ । साँच्चै भन्ने हो भने संविधानसभाले बनाएको संविधान अनुसार पहिलो पटक भएको निर्वाचनबाट आएको यस अघिको संसदले जनताको पक्षमा प्रभावकारी काम गर्न नसकेको कुरालाई अहिलेको संसदले बुझेन भने देशका लागि आगामी दिन थप कष्टप्रद हुनेछ । सधैं जनतामा धैर्यता रहन्छ भन्ने हुँदैन ।

जनताका आवाज मुखरित र देशका जल्दा बल्दा समस्या समाधानका लागि बहस गर्ने निकाय नै प्रभावकारी भएन भने लोकतन्त्र पनि बलियो हुदैन । साँच्चै भन्ने हो भने अहिले पनि लोकतन्त्र संस्थागत हुन सकेको छैन । संविधान प्रभावकारी रुपमा कार्यान्वयन हुन सकेको छैन । बिगतमा ०७७ पुष ५ गते पहिलो पटक संसद बिघटन हुनुभन्दा अगाडि पनि ६ महिना संसद चलेको थिएन । जब संसद चलाउनुपर्ने संवैधानिक बाध्यता आयो, संसद बिघटन भयो । त्यति हुँदा पनि स्वयम् सांसदहरु जति जनताप्रति उत्तरदायी हुनुपर्थ्यो त्यो अनुसार हुन सकेनन् ।

सारमा भन्नुपर्दा मंसिर ४ को निर्वाचनपछि संसदको अनुभव पहिलो पटक लिदै गरेका दलहरुले आफूलाई जनताले संसदमा ठूलो अपेक्षा राखेर पठाएका हुन् भन्ने कुरा बुझ्नुपर्छ। अन्य पुराना दलहरुले पनि आफूलाई परिवर्तन गर्न नसके आगामी निर्वाचनमा थप हबिगत ब्योहोर्नुपर्ने छ भन्ने कुरा ख्याल राख्दा राम्रो हुने छ ।

*(वरिष्ठ पत्रकार पन्त नेपाली पत्रकारहरुको अन्तरराष्ट्रिय संजाल इञ्जा एसियाका अध्यक्ष एवं स्थापित संसदीय पत्रकार हुनुहुन्छ । )*






# मर्यादित विद्यालयका लागि ९ 'एम'



बाबुकाजी कार्की

*शिक्षक उठ्यो भने विद्यार्थी दौडिन्छ ।*
*शिक्षक दौडियो भने विद्यार्थी हिँड्छ ।*
*शिक्षक हिँड्यो भने विद्यार्थी बस्छ ।*
*शिक्षक बस्यो भने विद्यार्थी सुत्छ ।*
*शिक्षक सुत्यो भने विद्यार्थी मर्छ ।*
*-चिनिया उखान*

शिक्षण संस्थालाई शिक्षा आर्जन गर्ने उत्कृष्ट थलोको रुपमा परिचित गर्नको लागि विविध पक्षले असर पार्दछ । पर्याप्त साधनस्रोतको तर्जुमा र त्यसको यथोचित व्यवस्थापन गर्न सकेमा मात्र शिक्षण संस्था फस्टाउन सक्छ । विद्यालयको भौतिक संरचना लगायत शिक्षक, अभिभावक, विद्यार्थी, बीचमा सुमधुर सदभाव, सहयोग र सहकार्यबाट मात्र जीवन र जगत संग सरोकार राख्ने जीवनोपयोगी शिक्षा दिन सकिन्छ । शैक्षिक संयन्त्रको दिगो विकास गर्न विद्यार्थीको गुणात्मक र संख्यात्मक पर्याप्तता हुनुपर्ने यथार्थता हो । तसर्थ शिक्षाको नीति नियम तथा योजना विद्यार्थीलाई सर्वोपरि मानेर बनाउनुपर्ने छ । बालबालिकाको शारीरिक मानसिक तथा संवेगात्मक विकास द्रुत गतिमा भइराखेको हुन्छ । उनीहरुको विकासका गतिलाई आत्मसातगर्ने खालको पढने विषय र पढाउने विधि अवलम्बन गरिनुपर्दछ । बालबालिका स्वभावैले चञ्चले हुने भएकोले उनीहरुको योग्यता,क्षमता र आवश्यकतालाई संवोधन गर्ने गरी शिक्षण सिकाइ क्रियाकलापको तर्जुमागर्नु निश्चयनै कठिन छ । तथापी स्तरीय शिक्षा प्रदानगर्न यस चुनौतिलाई सम्बोधन गर्न कुशलता पुर्वक सामना गर्नुको विकल्प पनि छैन ।

अनुशासन कायम राख्दै सामाजिक, धार्मिक मूल्य मान्यतालाई आत्मासात गर्दै एक सभ्य सुशिल र प्रतिष्पर्धी जनशक्ति उत्पादन गर्ने उर्जाशील, मर्यादित एवं चित्ताआकर्षक रोचक शैक्षिक वातावरण शिक्षण संस्थामा हुनुपर्दछ । भविष्यमा एक सभ्य सुशील र दक्ष नागरिक उत्पादन गर्न विद्यामान शिक्षा क्षेत्रमा देखिएका विकृति र विसंगतिलाई बेलैमा संवोधन गर्नुको विकल्प छैन । खासगरी माध्यामिक र उच्चमाध्यमिक तहका अल्लारे उमेरका विद्यार्थीमा देखिएको विकृतिहरुका कारण तथा तिनीहरुको निराकरणका उपायहरुलाई 'नौ एम' (ढः) मा सुत्रबद्ध रुपमा यहाँ व्याख्या र विश्लेषण गर्ने जमर्को गरेको छु ।

### १) Mobile (मोवाइल)

सञ्चारको सशक्त उपकरणको रुपमा मोवाइल प्रयोग हुँदै आएको छ । लगभग सवै उच्च कक्षाका विद्यार्थीहरुमा मोवाइल प्रयोग गर्ने क्रम बढ्दोछ । कक्षाकोठाको शिक्षण सिकाई क्रियाकलापमा विद्यार्थी तथा कतिपय अवस्थामा शिक्षकमा मोवाइलबाट एकाग्रता भङ्ग हुने गरेको पाइन्छ । पठनपाठनको वखत मोवाइलबाट एसएम्एसर मिसकल गरेर एकाग्रता भंग गर्ने प्रवृति होडको रुपमा बढेको देखिन्छ । मोबाइलको दुरुपयोगबाट अश्लिल तथा अशोभनीय एवं उत्ताउला गतिविधि भएको उदाहरण पर्याप्त पाइन्छ । जसको कारणबाट तत्कालका लागि पठनपाठन र पछि समाज समुदायमा समेत दूरगामी नकारात्मक असर पर्न जाने यथार्थ हो । मोवाइलको दुरुपयोगबाट छाडा र यौनिक विकृतिलाई प्रश्रय दिने खालका सन्देश प्रवाह गर्ने गरेको पाइन्छ । जसको कारण फलस्वरुप समाजमा समेत विकृति र विसंगति फैलिने गरेको छ । तसर्थ शिक्षक र विद्यार्थीलाई कमसेकम कक्षाकोठा भित्र मोबाइल प्रयोग गर्न निषेध गरिनु पर्दछ । आचारसंहिता बनाएर यसको अनुगमन नियमित गर्नुपर्दछ ।

### २) Motorcycle (मोटरसाइकल)

माध्यमिक र उच्चमाध्यमिक तहमा अध्ययन गर्ने मध्यमवर्गीय विद्यार्थीले अभिभावकलाई वाध्य वनाएर ईन्जिन क्षमता धेरै भएका मोटर साइकल किन्ने र जथाभावी चलाउने नकारात्मक प्रवृत्तिको प्रतिस्पर्धा भएको पाईन्छ । ट्राफिक नियम पालन नगरी तीव्र गतिमा हाँक्ने जसले गर्दा दुर्घटना र अकालमा ज्यान समेत गएको समाचार सुन्न र देख्न पाईन्छ । स्कुल कलेज नगईकन साथीसँग घुम्न गएर अशोभनीय गतिविधिमा संलग्न भएको देखिन्छ । जसको कारणबाट उनीहरुको शैक्षिक प्रगति ह्रास हुँदै गएको परीक्षाको नतिजाले देखाएको छ । त्यसैले चञ्चले उमेरमा अभिभावक तथा विद्यालय स्वयम्ले विद्यार्थीलाई मोटरसाइकल नचढ्ने सल्लाह दिंदै निरुत्साहित पार्नु बुद्धिमत्तापूर्ण सोंच हो ।

### ३) Muscles (वाहुबल प्रदर्शन)

मनोवैज्ञानिकहरुका अनुसार १४-१८ वर्ष सम्मको उमेर असाध्य जोखिमपूर्ण हुने, परिपक्वता नआउने, चाँडै रिसाउने र खुशी हुने, आवेशमा आएर काम गरिहाल्ने, भविष्यमा हुने प्रतिफलको बारेमा नसोच्ने हुन्छ । जसको कारणले गर्दा कतिपय सांघातिक घटना घटेको समाचार बन्ने गरेकोछ । यो उमेरमा उनीहरुमा ग्याङ्ग फाइट गर्ने, डन बन्ने र दादागिरी देखाउने जस्ता अशोभनीय गतिविधिलाई निरुत्साहित बनाउने खालका आचारसंहिता बनाएर अनुगमन गरिनुपर्दछ । त्यसैले विद्यार्थीको आहार, विहार, विचार र व्यवहारबारे अभिभावक र विद्यालय बीच निरन्तर सम्बन्ध र सम्वाद हुनुपर्दछ । उनीहरुको शारीरिक, मानसिक तथा संवेगात्मक विकासलाई सन्तुलित पार्दै रचनात्मक एवं सिर्जनात्मक भावनाको विकास गर्ने तथा सामाजिक एवं परोपकारी काममा लगाउने नीति र रणनीति वनाउनुपर्छ ।

### ४) Money (पैसा)

कतिपय अध्ययन र अनुभवले धनी र संभ्रान्त परिवारका बालबालिका फजुल खर्च गर्ने,पठनपाठन भन्दा पनि रोमान्स र डिस्को, रेस्टुरेन्ट घुम्ने गरेको पाइन्छ । केहीले त कुलतमा फसेर जीवननै बरबाद भएको पनि उदाहरण छन् । अन्ततः एक होनहार युवक परिवार, समाज र देशकै अभिशाप र बोझ बन्न पुग्छन् । तसर्थ खासगरि अभिभावकहरुले आफ्ना बालबालिकाको लागि आवश्यक पर्ने खर्च मात्र दिनुपर्दछ ।

> ६ अनुशासनको नाममा गरिने मानसिक तथा शारीरिक यातनालाई पूर्णरुपमा बर्जित गर्दै लोकतान्त्रिक मूल्यमान्यता अनुरुप कक्षा तथा विद्यालय सञ्चालन गर्ने संस्कारको विकास गरिनु पर्दछ । शिष्ट, सदाचार, शौहाद्र एवं नम्र बानी व्यहोरालाई प्रोत्साहित गर्ने मानवीय वातावरण हुनुपर्दछ ।



विद्यालयमा विद्यार्थीले देखाउने बानीव्यहोरा र गतिविधिबारे विशेष चनाखो भएर अभिभावकहरुलाई जानकारी गराउने नीति लिनुपर्दछ ।

### ५) Miniskirt (छोटो घाँगर)

छात्राहरुको पहिरनले पनि कतिपय यौनजन्य विकृति आएको आक्षेप शिक्षण संस्थालाई आउने गरेको छ । अंग प्रर्दशनबाट आउने विकृतिलाई रोक्न मिनिस्कटको सट्टा मिडिस्कट वा सर्ट पाइन्ट लगाउने नीति कतिपय विद्यालयले लिएको पाइन्छ । अल्लारे उमेरका विद्यार्थीको चञ्चले र अशोभानीय उत्ताउलो स्वभावलाई सभ्य, सुशील, जिम्मेवार नागरिक बनाउन विद्यालय तथा घरपरिवार एवं समुदाय संवेदनशील भएर चिन्ता र चासो लिई उनीहरुको वैयक्तिक विभिन्नता अनुसार संस्कारयुक्त शैक्षिक कार्यक्रम सञ्चालन गरिनुपर्छ ।

### ६) Monitoring (अनुगमन)

विद्यार्थीहरुको चालचलन र गतिविधि निरन्तर अनुगमन र निगरानीमा राखिनुपर्दछ । उनीहरुमा आउने बानी व्यहोराको परिवर्तनलाई मुल्यांकन गरी अग्रीम सुधारका लागि नीति र रणनीति बनाउनु पर्दछ । यसरी अनुगमन कक्षा शिक्षक र अनुशासन इन्चार्जले विद्यालयमा र अभिभावकले घरमा गर्नुपर्दछ । विद्यार्थीको इच्छा चाहना रुची र क्षमता तथा विद्यमान घर, परिवार, समाज र समग्र राष्ट्रको आवश्यकता अनुसारको जनशक्ति उत्पादन गर्ने खालका दूर दृष्टि राखेर शैक्षिक क्रियाकलाप सञ्चालन गरिनुपर्दछ । विद्यार्थीको प्रगतिको निरन्तर अनुगमन गरि शिक्षक र अभिभावक दुवैले भावि योजना बनाउनु पर्दछ ।

### ७) Morality (नैतिकता)

विद्यार्थीलाई पाठ्यपुस्तकमा भएका विषयवस्तुका अतिरिक्त सदाचार, शीष्टता, सभ्यता, सामाजिक, सांस्कृतिक, धार्मिक मूल्य र मान्यताको महत्व र त्यसलाई अवलम्वन किन, कहिले कसरी गर्नुपर्छ भन्ने बारेमा धक फुकाएर छलफल गरी विद्यार्थीकै सहभागितामा आचारसंहिता बनाएर परिपालना गर्ने वातावरण बनाउदा शैक्षिक वातावरण अनुशासित एवं मर्यादित हुने यथार्थ हो । आधुनिकीकरणको नाममा दूरगामी परिणामको लेखाजोखा नगरी सदाचार र शिष्टाचारलाइ वेवास्ता गरेर कतिपय नकरात्मक बानी व्यहोरालाई अन्धानुकरण गर्ने प्रवृतिलाई बेलैमा सच्याउन चनाखो हुनुपर्छ । विद्यार्थीको चरित्रलाई उदाहरणीय र अनुकरणीय वनाउदै कम्तिमा पनि नाना, छाना र खानाको लागि अरुको मुख नताक्ने पौरखी एवं स्वाभिमानि नागरिक उत्पादन गर्नेतर्फ सरोकार पक्ष सदैव प्रयत्नशील रहनुपर्दछ ।

### ८) Motivation (उत्प्रेरणा)

विद्यालयका गतिविधिलाई रोचक बनाएर सिकारु मैत्री बनाउन सके विद्यार्थीले रमाइलासँग पूरा समय विद्यालयमानै बिताउन सक्नेछन् । त्यसका लागि विद्यार्थीको वैयक्तिक विभिन्नता अनुसारको चाहना आवश्यकता अनुसार विषय वस्तु तथा शिक्षण विधि छनौट गरिनुपर्दछ । विद्यार्थी सोही अनुरुप भविष्यमा के बन्ने भन्नेबारे स्वयम्लाई नै छनौट गर्ने मौका दिनुपर्दछ । अभिभाकहरुको चाहना अनुसार दवावमा पढ्न वाधा बनाउनु हुन्न । तसर्थ विद्यालयमा रुची क्षमता र चाहना तथा समयको माग अनुसारको विषय अध्ययन गर्ने वातावरण हुनुपर्छ ।

### ९) Management (व्यवस्थापन)

लक्षित उद्देश्य हासिल गर्न विद्यालयको व्यवस्थापन चुस्त, दुरुस्त तथा पेशाप्रति समर्पित जनशक्ति हुनु अपरिहार्य हुन्छ । विद्यार्थीलाई गुणस्तरीय शिक्षा हासिल गर्ने उत्कृष्ट थलोको रुपमा स्थापित गर्न त्यहाँ प्रयोग हुने सामग्री, भौतिक संरचना तथा मानवीय व्यवस्थापन प्रभावकारी र रोचक हुनुको विकल्प छैन । शिक्षकहरुको बानी व्यहोरा आहार-विहार र आचरणबाट पनि धेरै कुराहरु विद्यार्थीले अनुसरण गर्दछन् । शिक्षकहरुले गरेका हरेक कुरा व्यवहार राम्रो हुन्छ भन्ने विश्वास विद्यार्थीले गर्दछन, तसर्थ शिक्षकले जे गर्छ त्यो बोल्नु पर्दछ र जे बोल्छ त्यो गर्नुपर्दछ । विद्यार्थीले लिखित पाठ्यपुस्तक मात्र नभएर अलिखित वा अदृश्य पाठ्यक्रमबाट पनि धेरै कुरा सिक्छन् । यसबाट पनि कतिपय जीवनोपयोगी बानी व्यहोरा र आचरण सिक्न सक्दछन् । त्यसकारण विद्यालयमा गरिने हरेक गतिविधि र कार्यक्रमको व्यवस्थापन गर्दा त्यसको असर विद्यार्थीको पठनपाठन र चरित्रमा कस्तो पर्ला भन्ने हेक्का राखेर मात्र लागू गरिनुपर्दछ । शिक्षक, अभिभावक व्यवस्थापन लगायतका सरोकार राख्ने व्यक्ति एवं पदाधिकारीको आदर्श व्यक्तित्व उच्च नैतिकताबाट प्रेरित, सकारात्मक, उदाहरणीय र अनुकरणीय हुनुपर्दछ । जसको लागि व्यवस्थापकीय पक्ष निशर्त चुस्त, दुरुस्त र वैज्ञानिक हुनुपर्दछ ।

विद्यार्थीको सिकाई उपलब्धीलाइ उच्च बनाउन घरपरिवार, समुदाय तथा विद्यालयको वातावरण बालमैत्री हुनुको विकल्प छैन् । गुणस्तरीय शिक्षा प्रबर्धनका लागि बालबालिकाको रुची क्षमता र आवश्यकता अनुसार शिक्षा आर्जन गर्ने बालमैत्री वातावरण सिर्जना गर्नु पहिलो शर्त हो । विद्यालयमा साँस्कृतिक, सामाजिक, धार्मिक, आर्थिक तथा जातजाति आदि विविध पृष्ठभूमी भएका बालबालिकाको प्रतिनिधित्व हुन्छ । यसप्रकारको विविधतामा बालमैत्री विद्यालयको व्यवस्थापन निश्चय नै चुनौती को बिषय हो । तर असम्भव चाहिं होइन ।

वर्तमानमा विद्यालय उमेरका बालबालिका सबैलाई विद्यालयभित्र ल्याउन नसक्नु, विद्यालय भित्र आइसकेका बालबालिका सबैलाई निरन्तर टिकाइ राख्न नसक्नु, विद्यार्थीको उपलब्धिस्तर सन्तोषजनकरुपमा प्रगति नहुनु, सार्वजनिक शिक्षाले सेवाग्राहीको विश्वास जित्न नसक्नु आदिलाई शैक्षिक चुनौतिका रुपमा लिन सकिन्छ ।

शिक्षण संस्था शैक्षिक बेरोजगार उत्पादन गर्ने कारखाना भएको आक्षेप निरर्थक हो भन्ने आधार नहुनु आजको शैक्षिक नीतिका लागि एक सशक्त चुनौति हो । विद्यालयप्रति सरोकारवाला तथा समुदाय उदासीन भैदिनाले साधनस्रोत जुटाउन र परिचालन गरेर गुणस्तरीय शिक्षाको प्रत्याभुति दिन सरकारको एक्लो प्रयास पर्याप्त नहुनु स्वभाविक हो । विद्यालय बालबालिकाको अन्तरनिहीत प्रतिभाको आविष्कार गरी चौतर्फी विकास गर्ने ऊर्जाशील बालमैत्री संस्था बन्नुपर्दछ । बालमैत्री विद्यालय हुनका लागि आधारभूत आवश्यकताको पहिचान गर्नेबेला आएको छ ।

***(लेखक कार्की काठमाडौंका पूर्व जिल्ला शिक्षा अधिकारी हुन् )***

हरिनगर गाउँपालिकाको अनुरोध

गाउँपालिकालाई बुझाउनुपर्ने कर समयमै बुझाई आफ्नो दायित्व पूरा गरौं ।

अनुमति लिएर मात्र पसल तथा अन्य व्यवसाय सञ्चालन गरौं तथा समयमै नवीकरण गरौं ।



फोहोरमैलालाई जथाभावी नफालौं, सभ्य, सफा र सुन्दर सहर बनाउन मद्दत गरौं ।

नयाँ घर निर्माण, बाटो, घडेरी प्लटिङ गर्दा अनिवार्य रूपमा इजाजत लिऔं ।

गाउँका अस्पतालमा स्वास्थ्य बीमा कार्यक्रम लागू भइसकेकाले सेवा लिई लाभान्वित बनौं ।

गाउँपालिकालाई बुझाउनुपर्ने कर समयमै बुझाइ आफ्नो दायित्व पूरा गरौं ।

श्री गफार अन्सारी मिया
अध्यक्ष

श्री रिमझिम कुमारी भगत
उपाध्यक्ष

हरिनगर गाउँपालिकाको कार्यालय
हरिनगर, सुनसरी

धनपालथान गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सोराभाग, मोरङ, प्रदेश नं १, नेपाल

धनपालथान गाउँपालिकाको जनहितमा जारी सन्देश

- गाउँपालिकाबाट प्राप्त हुने सेवाका सम्बन्धमा सदैव चासो राखौं । तपाईले जति बढी चासो देखाउनु हुन्छ, गाउँलिका त्यति धेरै जनउत्तरदायी बन्दछ ।
- सडक छेउ किनारामा निर्माण सामग्रीहर नराखौं ।
- घर निर्माण गर्दा घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरू गरौं ।
- कर समयमै तिरौं ।
- हरेक किसिमका हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं ।
- जथाभावी फोहोर नगरौं । फोहोर बोक्ने गाडी आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
- महिला हिंसारहित बनाउने अभियानमा सबै जना सहभागी बनौं ।
- व्यक्तिगत घटना दर्ता अन्तर्गत जन्म, विवाह, बसाईसराई, सम्बन्धविच्छेद, मृत्यु दर्ता समयमा नै गरौं । सभ्य नागरिकको भूमिका निर्वाह गरौं ।
- घर निर्माण गर्नु अगाडि अनिवार्य रूपमा नगरपालिकाबाट नक्सा पास गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी गराउने सम्बन्धमा कुनै सम्झौता नगरौं ।
- घर निर्माण गर्नु अघि बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्डको बारेमा जानकारी राखौं र सोको पालना गरौं ।
- सार्वजनिक जग्गा, पोखरी, वन आदि व्यक्तिगत प्रयोजनका लागि प्रयोग नगरौं, त्यस्ता क्षेत्रहरु अतिक्रमण हैन, संरक्षणको लागि पहल गरौं ।
- व्यक्तिगत घटना घटेको ३५ दिनभित्र संयुक्त वडा कार्यालयमा घटना दर्ता गरौं ।
- कर तिर्न भनेको तपाई हामीले चाहेको विकास गर्ने अवसर प्राप्त गर्नु हो । तसर्थ विकासका खातिर समयमै तोकिएको कर दस्तुर नगरपालिकामा बुझाउने गरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहुवर्षीय बिरूवा रोपौं ।

श्री जिवछ प्रसाद गच्छदार
अध्यक्ष

श्री नसिमा बानु
उपाध्यक्ष

धनपालथान गाउँपालिका, सोराभाग, मोरङ, प्रदेश नं १, नेपाल

दुहवी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दुहवी, सुनसरी

दुहवी नगरपालिकाद्वारा उपभोक्ता हित संरक्षणमा जारी सूचना

उद्योग तथा व्यवसायका लागि :

१. बिक्रेताले बिक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र बिक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुन: तौल गर्न लगाउने ।
६. नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव)हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. बिमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरवदल गर्नुपर्नेछ ।

वस्तु तथा सेवामा समान पहुच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएका हानि नोक्सानी विरुद्ध क्षतिपूर्ति अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो । आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।

श्री वेद नारायण गच्छदार
प्रमुख

श्री सुनिता दाहाल
उपप्रमुख

दुहवी नगरपालिकाको कार्यालय, दुहवी, सुनसरी

# नवीकरणीय ऊर्जामा अनुदानको विकल्प



कृष्ण अधिकारी

> ग्रामीण क्षेत्रमा उच्च गणस्तरीय सेवा प्रवाहमा जोड दिनको लागि हाल विद्यमान अनुदान नीतिबाट सम्भव देखिंदैन । ऊर्जाको पहुँचबाट बञ्चित ग्रामीण जनताको आवश्यकता पूरा गर्न सार्वजनिक तथा निजी लगानी आवश्यक पर्दछ ।



नेपालमा नवीकरणीय ऊर्जाको प्रशस्त सम्भावना रहेको छ । नवीकरणीय ऊर्जाका मख्य स्रोतहरुमा लघु  तथा साना जलविद्युत्, सौर्य ऊर्जा, जैविक ऊर्जाका विभिन्न प्रकार, बायोग्यास, वायु ऊर्जा आदि रहेका छन् । नवीकरणीय ऊर्जाको प्रशस्त सम्भावना भए तापनि अझै कुल ऊर्जा खपतको ६८ प्रतिशत परम्परागत जैविक ऊर्जाबाट पूर्ति भइरहेको छ भने करीब ७ प्रतिशत जनसङ्ख्यामा विद्यत् पहुँच पुग्न सकिरहेको छैन । अत्यन्त न्यून आय भई ग्रामीण क्षेत्रमा वसोवास गरिरहेका बहुसङ्ख्यक जनताको ऊर्जाको मागलाई पूरा नगर्ने हो भने उनीहरुको जीवनस्तरमा उल्लेखनीय रुपमा सुधार ल्याउन सम्भव छैन । देशको भौगोलिक जटिलता र उच्च लागतको कारणले गर्दा अझै केही वर्षसम्म पनि दुर्गम ग्रामीण स्थानहरुमा राष्ट्रिय प्रसारण लाइन विस्तार गर्न सम्भव देखिंदैन ।

नवीकरणीय ऊर्जा प्रविधिहरुमार्फत स्वच्छ ऊर्जाको पहुँच पुऱ्याउन सरकारले विगत दुई दशकभन्दा बढी समयदेखि विभिन्न विकास साझेदारहरुको सहयोगमा आर्थिक अनुदान उपलब्ध गराउँदै आएको छ। प्रविधितर्फ जनतालाई आकर्षित गराउन अनुदानको व्यवस्था निकै प्रभावकारी भएपनि अहिले अनुदानभन्दा पनि सहुलियतपूर्ण कर्जा वा अन्य सुविधा उपलब्ध गराउनु उपयुक्त देखिएको छ । कतिपय अवस्थामा अनुदानको दुरुपयोग हुने, वास्तविक वर्गले भन्दा अरुले नै त्यसको लाभ लिने र परनिर्भर सोचको विकासले गर्दा प्रविधिलाई विस्तार गर्न समस्या भएको छ । पछिल्लो समय नवीकरणीय ऊर्जामा निजी क्षेत्र उत्साहका साथ अगाडि आएकाले पनि अब अनुदानभन्दा सरल कर्जाको सुविधा उपलब्ध गराउन आवश्यक देखिन्छ ।

नवीकरणीय ऊर्जा अनदान नीति २०७३ ले नवीकरणीय ऊर्जा प्रविधिहरुको सफलतापूर्वक विकास गरे तापनि थुप्रै चुनौतीहरुका कारण पर्याप्त मात्रामा यस्ता प्रविधिहरुमा व्यावसायिक रुपमा लगानी परिचालन हुन सकिरहेको छैन । अनुदानमा रहेको उच्च निर्भरता र कर्जा न्यून परिचालनले गर्दा नवीकरणीय ऊर्जा प्रविधिको प्रवर्द्धन अपेक्षाकृत रुपमा हुन सकिरहेको छैन । नवीकरणीय ऊर्जा प्रविधिहरुमा सरकारको अनुदानले गर्दा प्रभावकारी रुपमा निजी क्षेत्रको लगानी तथा व्यावसायिक कर्जा अपेक्षित रुपमा परिचालन हुन सकिरहेको देखिदैन ।

लामो समयसम्म अनुदानमा आधारित प्रणालीलाई हेर्दा नवीकरणीय ऊर्जा उत्पादनका लागि त्यसको न्यून उपयोगको अवस्था तथा व्यवसायीहरुले समयमै अनुदान पाउन नसक्नु पनि थप चुनौती बनेको छ । आपसी लाभको आधारमा नवीकरणीय ऊर्जाको क्षेत्रमा लगानी आकर्षित गर्न हालसम्म प्रदान गरिदै आएको अनुदान बाधक बनेको स्पष्ट देखिन आएको छ ।

निजी क्षेत्रका लगानीकर्ता तथा सेवा प्रदायकहरुको अनुदानमा पहुँचको नीतिगत व्यवधानले गर्दा उनीहरुको लगानी, व्यवस्थापकीय क्षमता र प्रविधिको विस्तारमा कमी आएको छ। नवीकरणीय ऊर्जा क्षेत्रको विकासलाई व्यापकता दिन, अति गरिब परिवारलाई नवीकरणीय ऊर्जा प्रविधि प्रयोग गर्नाका लागि प्रेरित गर्न र निजी तथा वित्तीय क्षेत्रहरुलाई नवीकरणीय ऊर्जा क्षेत्रमा लगानी गर्न प्रोत्साहित गरी विशेषगरी ग्रामीण क्षेत्रमा उच्च गणस्तरीय सेवा प्रवाहमा जोड दिनको लागि हाल विद्यमान अनुदान नीतिबाट सम्भव देखिंदैन । ऊर्जाको पहुँचबाट बञ्चित ग्रामीण जनताको आवश्यकता पूरा गर्न सार्वजनिक तथा निजी लगानी आवश्यक पर्दछ । ग्रामीण क्षेत्रमा ऊर्जाको पहुँच वृद्धि गर्न घरायसी खपत तथा उत्पादनशील परिप्रयोगको लागि आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउँदै लगानीका विभिन्न अवसरहरु पहिल्याउन सकिन्छ ।

सन् २०३० सम्म सबै जनतालाई स्वच्छ, भरपर्दो र सर्वसुलभ रुपमा नवीकरणीय ऊर्जा उपलव्ध गराउने दिगो विकास लक्ष्यको उद्देश्य हासिल गर्न भायविलिटी ग्याप फण्डिङको अवधारणा अनुसार ....मा जोड दिनुपर्ने देखिन्छ। भायविलिटी ग्याप फण्डिङ भन्नाले नवीकरणीय ऊर्जाको उत्पादन र सम्मिश्रण तथा ऊर्जाको किफायती उपयोगमा वृद्धि गरी ऊर्जाको पहुँच र ऊर्जा सुरक्षालाई प्रवर्द्धन गर्ने उद्देश्यले निर्माण गरिने आयोजनाहरुलाई सम्भाव्य बनाउन प्रतिस्पर्धात्मक विधिबाट उपलब्ध गराउने लागत परिपूरण सहयोग हो । यसबाट परम्परागत र आयातित ऊर्जा माथिको परनिर्भरतालाई कम गर्न नवीकरणीय ऊर्जाको पहुँचमा वृद्धि गरी विशेषगरी ग्रामीण क्षेत्रका जनताको जीवनस्तरमा सुधार तथा रोजगारी सिर्जना गर्न मद्दत पुग्दछ ।

अनुदानमाथिको निर्भरतालाई कम गर्ने उद्देश्यले गत वैशाखमा ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयले केन्द्रीय नवीकरणीय ऊर्जा कोष(सञ्चालन) निर्देशिकाको पहिलो संशोधन गरेको छ । ग्रामीण तथा नवीकरणीय ऊर्जा प्रविधिको क्षेत्रमा अनुदान, भायविलिटी ग्याप फण्डिङ तथा उपभोक्ता कर्जाको प्रभावकारी परिचालन गर्न र  नवीकरणीय ऊर्जा प्रविधिबाट प्राप्त हुने कार्बन आम्दानी उपयोग तथा व्यवस्थापन गर्न वित्तीय व्यवस्थापनसहितको केन्द्रीय नवीकरणीय ऊर्जा कोष सञ्चालन गर्न आवशयक भएकाले वैकल्पिक ऊर्जा विकास समिति गठन आदेश २०५३ को दफा १३ अनुसार निर्देशिका तयार गरिएको छ ।

यस कोषबाट वित्तीय मध्यस्थकर्तामार्फत सहुलियत दरमा कर्जा उपलब्ध गराउने, सार्वजनिक-निजी साझेदारीमा नवीकरणीय ऊर्जा प्रविधिको विकास र प्रवर्द्धन गर्ने, नवीकरणीय ऊर्जा प्रविधिको विकास तथा प्रवर्द्धनमा निजी क्षेत्रलाई प्रोत्साहित गर्ने, स्वच्छ विकास संयन्त्र तथा स्वेच्छिक उत्सर्जन न्यूनीकरणसम्बन्धी कार्बन परियोजनाबाट प्राप्त भएको आम्दानीको उपयोग र प्रभावकारी व्यवस्थापन गर्ने, प्रदेश सरकार, स्थानीय तह, सार्वजनिक तथा निजी क्षेत्रको लागत साझेदारीम दिगो ऊर्जा, ऊर्जा दक्षताजस्त प्रविधिहरुको क्षेत्रमा लगानीको उपयुक्त वातावरण तयार गर्न आवश्यक सहकार्य गर्ने उद्देश्य रहेको छ ।

दीर्घकालमा अनुदानलाई उपभोक्ता कर्जा सुविधाहरुबाट प्रतिस्थापन गरी कर्जा सुविधाको व्यवस्थापनको जिम्मेवारी प्रबन्ध बैंक वा साझेदार बैंकहरुबाट हुनेछ । विभिन्न विकास साझेदारहरुबट दिगो ऊर्जा विकासका लागि प्राप्त हुने लगानी तथा सहयोग एवं कार्बन आम्दानी आदिलाई एकद्वार प्राणालीमार्फत सञ्चालन गरिने निर्देशिकामा उल्लेख छ । कोष लगानीका क्षेत्रहरुमा सौर्य ऊर्जा, वायु ऊर्जा, जैविक ऊर्जा, वायोग्यास आयोजनाहरु, खाना पकाउने स्वच्छ चुलोको विकास, प्रवर्द्धन र विस्तार, फोहोरबाट ऊर्जा उत्पादन, लघु तथा साना जलविद्युत्, सुधारिएको पानीघट्ट, हाइड्रोजन, भूपातीयलगायत अन्य नवीकरणीय, उत्पादनमूलक ऊर्जा उपयोग तथा परिप्रयोग, नवीकरणीय ऊर्जा उत्पादन, ऊर्जा सम्मिश्रण, ऊर्जा दक्षता तथा संरक्षण एवं ऊर्जा पहुँच विस्तार, नवीकरणीय ऊर्जा प्रविधिसम्बन्धी उपकरण उत्पादन तथा प्रशोधनमा कोषको लगानीका क्षेत्रहरु छन् ।


कोषमा जम्मा हुने रकम नेपाल सरकार र विकास साझेदारबीच सम्पन्न सम्झौता वमोजिम अनुदान वा भायविलिटी ग्याप फण्डिङ वा कर्जा वा प्राविधिक सहयोगका लागि परिचालन गरिनेछ। भायविलिटी ग्याप फण्डिङका प्राथमिकताका क्षेत्रहरुमा हरेक वस्ती ऊर्जा वस्तीको अवधारणाअनुसार खानेपानी, सिँचाइ, सौर्य सडक बत्ती, राष्ट्रिय प्रशारण लाइनमा आवद्ध गरिने विकेन्द्रीकृत ऊर्जा प्रणालीबाट ऊर्जा उत्पादन, नेट मिटरिङ, ऊर्जा सम्मिश्रण र रुफटप सौर्य प्रणाली दिर्घकालमा अनुदानलाई उपभोक्ता कर्जा सुविधाहरुबाट प्रतिस्थापन गरी कर्जा सुविधाको व्यवस्थापनको जिम्मेवारी प्रबन्ध बैंक वा साझेदार बैंकहरुबाट हुनेछ । विभिन्न विकास साझेदार हरुबट दिगो ऊर्जा विकासका लागि प्राप्त हुने लगानी तथा सहयोग एवं कार्बन आम्दानी आदिलाई एकद्वार प्राणालीमार्फत सञ्चालन गरिने निर्देशिकामा उल्लेख छ।

कोष लगानीका क्षेत्रहरुमा सौर्य ऊर्जा, वायु ऊर्जा, जैविक ऊर्जा, वायोग्यास आयोजनाहरु, खाना पकाउने स्वच्छ चुलोको विकास, प्रवर्द्धन र विस्तार, फोहोरबाट ऊर्जा उत्पादन, लघु तथा साना जलविद्युत्, सुधारिएको पानीघट्ट, हाइड्रोजन, भूपातीयलगायत अन्य नवीकरणीय, उत्पादनमूलक ऊर्जा उपयोग तथा परिप्रयोग, नवीकरणीय ऊर्जा उत्पादन, ऊर्जा सम्मिश्रण, ऊर्जा दक्षता तथा संरक्षण एवं ऊर्जा पहुँच विसर, नवीकरणीय ऊर्जा प्रविधिसम्बन्धी उपकरण उत्पादन तथा प्रशोधनमा कोषको लगानीका क्षेत्रहरु छन् । यस्तै ऊर्जा सुरक्षाको सुनिश्चितता, ऊर्जाको पहुँच नपुगेको विपन्न तथा दुर्गम समुदायमा नवीकरणीय ऊर्जाको पहुँच वृद्धि गर्ने, प्रदेश र स्थानीय सरकारले लगानी गर्न आयोजनाहरुमा सार्वजनिक निजी साझेदारीको अवधारणाअनुरुप यस कोषमार्फत आवश्यकताअनुसार सहयोग गर्न सकिने छ ।









# मातृभाषा शिक्षामा पहलकै खाँचो



प्रतीक झेँसुर तामाङ

६ विद्यालय शिक्षाको आधारभूत तहमा मातृभाषा विषय पाँचवटा विषयमध्ये एउटा अनिवार्य विषय हो । तर अहिले पनि यसलाई ऐच्छिक विषय बनाएर मनोमानी गर्ने कार्य भइरहेको छ ।

धेरैको अनुमान र अपेक्षा थियो, 'समुदायकै व्यक्तिहरू जनप्रतिनिधिका रूपमा निर्वाचित भएर स्थानीय सरकार नेतृत्व गर्ने तहमा पुगेपछि मातृभाषा शिक्षा अभियानले सहजरूपमा गति लिनेछ। मातृभाषा शिक्षामा नयाँ उत्साह सिर्जना हुनेछ । अहिलेसम्मका सबै व्यवधानहरू दुर हुनेछन् । हाम्रा बालबालिकाले खुरुखुरु आआफ्ना मातृभाषामा पढ्न पाउने परिस्थिति बन्नेछ।' तर एकाध ठाउँमा बाहेक यस खालको अनुभूति गर्न सकिने अवस्था देखिएन । यो विषयको गाम्भीर्य बुझ्न अझै कतिपय स्थानीय सरकारका प्रमुखहरू तयार छैनन् । उनीहरू यो विषयमा प्रवेश गर्नै चाहँदैनन् । मातृभाषा शिक्षाका लागि आवश्यक चाँजो पाँजो मिलाउनुपर्ने दायित्वलाई झन्झट मान्छन् । सामुहिक छलफल र भेलामा प्रतिवद्धता त जनाउँछन्, त्यसअनुसार जिम्मेवारी निर्वाह गर्ने इच्छाशक्ति देखाउँदैनन् । अनेक वहाना गरी तर्कने गरिरहेका छन् । पछिल्लो समय मातृभाषा शिक्षा ओझेलमा परिरहनुको एउटा मूल कारण यही हो । मातृभाषा शिक्षाका सवालमा समुदायकै प्रतिनिधिहरूबाट हुने गरेको यस खालको व्यवहार विडम्बनापूर्ण नै मान्नुपर्छ । मातृभाषामा शिक्षा लिन पाउने अधिकारलाई नेपालको संविधानले नै मौलिक हकका रूपमा सुरक्षित गरेको छ। संविधानको धारा ३१ (५) मा प्रस्ट उल्लेख छ, '(५) नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानूनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ ।' यसैगरी संविधानको धारा ३२ मा भाषा तथा संस्कृतिको हकको व्यवस्था छ । उपधारा ३ मा नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्धन र संरक्षण गर्ने हकको व्यवस्था गरिएको छ ।

मातृभाषा शिक्षासम्बन्धी अन्य नीतिहरूले पनि प्रस्ट बोलेको छ । अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ र राष्ट्रिय शिक्षा नीति २०७६ ले मातृभाषा शिक्षाका बारेमा प्रस्ट व्यवस्था गरेको छ । यसैगरी मातृभाषा शिक्षा लागू गर्न गराउन आवश्यक व्यवस्था मिलाउने, नीति कार्यक्रम तर्जुमा गर्ने, विद्यालय छनौट गर्ने, नियमितरूपमा अनुगमन,



मूल्याङ्कन र नियमन गर्ने अधिकार स्थानीय सरकार सन्चालन ऐन २०६४ ले स्थानीय तहलाई दिएको छ । विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुपले बाहुल्यताका आधारमा मातृभाषा विषयलाई अनिवार्य बनाएको छ ।

संविधान र अन्य कानुनी व्यवस्थाहरूले जे जस्ता व्यवस्था गरिए पनि मातृभाषा शिक्षाको सवालमा उल्लेखनीय प्रयासहरू भएको देखिँदैन । मातृभाषा शिक्षाका सवालमा अझै अलमल र आनाकानी उस्तै छ । सरोकारवालाहरूमा उदासिनता व्याप्त छ । मातृभाषा शिक्षाको महत्व, अर्थ, प्रभावकारिताका सम्बन्धमा कतिले बुझ्न सकेका छैन । कतिले बुझेर पनि अनेक वहाना गरी पन्छिने गरिरहेका छन् ।

विद्यालय शिक्षाको आधारभूत तहमा मातृभाषा विषय पाँचवटा विषयमध्ये एउटा हो । यो अनिवार्य विषय पनि हो । अनिवार्य विषय हो भन्ने प्रस्ट हुँदाहुँदै पनि यसको सट्टा अन्य विषय राखेर ऐच्छिक विषय बनाएर मनोमानी गर्ने कार्य भइरहेको छ । समुदायिक विद्यालयहरूमा भइरहेको यस्तो हर्कतले बालबालिकाको मातृभाषामा शिक्षा लिन पाउने मौलिक हकको उपहास गर्ने काम त भइरहेको छ नै, सँगसँगै मातृभाषाहरूलाई पाखा लगाउने कामसमेत भइरहेको छ । यो मातृभाषाप्रति गरिएको दुर्व्यवहार पनि हो । यो त सरासर संविधान र कानुनको ठाडो उल्लङ्घन पनि हो । सरोकारवालाहरूले यसलाई गम्भीररूपमा बुझ्ने र लिने गरेको देखिँदैन ।

उदाहरणका लागि बागमती प्रदेशका अधिकांश स्थानीय तहले मातृभाषा शिक्षाका बारेमा नीति तथा कार्यक्रममा उल्लेख गरेका छन् । कतिपयले बजेटको समेत व्यवस्था गरेका छन् । तर आफैंले बनाएका नीति तथा कार्यक्रमलाई इमानदारीपूर्वक कार्यान्वयन गर्ने जाँगर भने उनीहरूले देखाउने गरेको पाइँदैन । यसलाई बोझका रूपमा बुझ्छन् । स्थानीय तहमा शिक्षा नीतिको तर्जुमा गर्नु, सरोकारवालाहरूलाई समेटेर पाठ्यक्रम, पाठ्यपुस्तक निर्माण गर्नु, नियमित अनुगमन, मूल्याङ्कन र नियमन गर्नुलाई झमेला ठान्छन् । यसमा नफस्नु नै सबैभन्दा उत्तम मान्छन् । समुदायको मातृभाषामा पठनपाठनको विषय बिल्कूल असान्दर्भिक विषयका रूपमा बुझ्ने र बुझाउने आमप्रवृत्ति उस्तै छ । कतिपय स्थानीय तहका जिम्मेवार अधिकारीले त ठाडो जवाफ नै फर्काउने गरेका छन्, 'हामीले मातृभाषा शिक्षाका लागि कार्यक्रम र बजेट छुट्याएकै हौं । कोही कसैले चासो नदेखाएपछि के गर्नु ? कसैले वास्ता नै गरेनन् ।' उनीहरू यसरी तर्क गर्छन्, मानौं यो 'मातृभाषा शिक्षा' भनेको आफ्ना लागि होइन, अरूका लागि हो । अझ कुनै समुदाय विशेषका लागि हो । मूख्य जिम्मेवारी आफ्नो होइन । अरू कसैको हो ।' यति गैरजिम्मेवार तर्कले उनीहरू परिवर्तित व्यवस्थाअनुसार चल्ने मानसिकतामा छैनन् भन्ने प्रस्ट बुझ्न सकिन्छ । मातृभाषा शिक्षाले गति पक्रन नसक्नु यसैको परिणाम हो । जुन उद्देश्यले मातृभाषा शिक्षा परिकल्पना गरिएको हो, त्यो उद्देश्य नै अलपत्र परिरहेको छ। मातृभाषा शिक्षालाई प्रभावकारी ढङ्गले सन्चालन गर्न कुनै निकायले गम्भीर पहल गरेको देखिँदैन । अहिलेको अङ्ग्रेजी भाषाको जमानामा पनि कहाँ मातृभाषा लगाएर अल्मल्याउने भन्ने गलत बुझाईले धेरैलाई गाँजिराखेको छ । आफ्नो मातृभाषामा अल्झिँदा अरू धेरै विषयमा पछि परिन्छ भन्ने भ्रमबाट मुक्त हुन सकिरहेका छैनन् ।

आधारभूत तहका बालबालिकालाई उसको मातृभाषामै पठनपाठन गराउँदा प्रभावकारी हुने र यसले उनीहरूको ज्ञानको प्रारम्भिक जग बलियो हुने निचोडसहित मातृभाषा शिक्षाको अवधारणा स्थापित भएको हो। हाम्रा सन्दर्भमा पनि यसका लागि आवश्यक विभिन्न नीति नियमहरूको तर्जुमा गरिएका हुन् । तर जेजस्ता परिकल्पनाका साथ शिक्षामा बहुभाषिक नीति बनाइए, दशकौं बितिसक्दा पनि त्यसलाई व्यवहारमा हुबहु उतार्ने स्थितिको विकास हुन नसक्नु हाम्रो दुःखद् विषय हो । मातृभाषामा पठनपाठन कार्यक्रम सशक्त ढङ्गले कार्यान्वयन गर्न नसक्नुमा विभिन्न पक्षको कमजोरी देखिन्छ । मुलुकमा राजनीतिक परिवर्तन हुनुअघि सबै कुरा केन्द्रकै भर पर्नुपर्ने अवस्था रहेकाले चाहेर पनि आवश्यक व्यवस्था गर्न नसकिएको गुनासो रहने गर्थ्यो । नयाँ संविधान जारी भएपछि आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षासम्बन्धी सम्पूर्ण व्यवस्थापन गर्ने दायित्व स्थानीय तहलाई सुम्पँदा पनि आशातीत रूपमा मातृभाषा शिक्षामा प्रगति हुन नसक्नुले मातृभाषा र शिक्षाप्रतिको दृष्टिकोण र सोचमा अझै परिवर्तन आउन नसकेको बुझ्न सकिन्छ । राजनीतिक परिवर्तन आमनागरिकले अनुभूत गर्ने तहसम्म स्थापित हुन अझै कति समय प्रतीक्षा गर्नुपर्ने हो, टुङ्गो छैन । सबैभन्दा खट्केको पाटो यही हो ।

***(लेखक तामाङ पूर्व पत्रकार तथा मातृभाषी शिक्षाका अभियन्ता समेत हुन्)***


## शम्भुनाथ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**कठौना, सप्तरी**

### शम्भुनाथ नगरपालिकाद्वारा उपभोक्ता हित संरक्षणमा जारी सूचना

**उद्योग तथा व्यवसायका लागि :**

१. बिक्रेताले बिक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र बिक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुन: तौल गर्न लगाउने ।
६. नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव)हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. बिमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरवदल गर्नुपर्नेछ ।
११. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
१२. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
१५. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने ।
१६. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र बिक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र बिक्री वितरण गरौं ।

वस्तु तथा सेवामा समान पहुच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो । आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।

**श्री जितेन्द्र प्रसाद गुप्ता**
प्रमुख

**श्री अनिता कुमारी चौधरी**
उप-प्रमुख

**शम्भुनाथ नगरपालिका**
**कठौना, सप्तरी**



## इटहरी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**इटहरी, सुनसरी**

### नगरबासीहरुमा जानकारी मूलक सन्देश

- सार्वजनिक सम्पति संरक्षणमा यस पालिकालाई सहयोग गरौं । सार्वजनिक स्थलमा जतातते फोहोरमैला नफालौं ।
- बसोबास स्थल, टोलमा व्यवसायीहरुमा पशुपालन, कुखुरापालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- आफ्नो टोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।
- स्वस्थ रहन सरसफाईमा ध्यान दिऔं । आफ्नो घर आँगनबाट उत्पन्न हुने फोहोरमैलालाई उचित व्यवस्थापन गरी सफा, सुन्दर बनाउन सहयोग गरौं ।
- हरेक किसिमका हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं ।
- जथाभावी फोहोर नगरौं । फोहोर बोक्ने गाडी आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
- बालश्रमको प्रयोग नगरौं । यस पालिकालाई बालश्रममुक्त बनाऔं । सबै बालबालिकालाई विद्यालय पठाऔं ।
- छोराछोरीमा भेदभाव नगरौं । दुबै समाजका सम्पति हुन्, बालबालिकाको लालन, पालन र शिक्ष दिक्षमा ध्यान दिऔं ।
- महिला हिंसारहित बनाउने अभियानमा सबै जना सहभागी बनौं ।
- व्यक्तिगत घटना दर्ता अन्तर्गत जन्म, विवाह, बसाईसराई, सम्बन्धविच्छेद, मृत्यु दर्ता समयमा नै गरौं । सभ्य नागरिकको भूमिका निर्वाह गरौं ।
- शौचालयमा दिसा, पिसाव गरेपछि साबुन पानीले हात धुने बानी बसालौं, जसबाट महामारीका रूपमा आउने रोगबाट बचौं ।
- हरेक गर्भवतीले नजिकको स्वास्थ्य संस्थामा गई नियमित गर्भजाँच गरौं । २ वर्ष मुनीका बच्चाहरुलाई नजिकको स्वास्थ्य संस्थामा लगेर मासिकरुपमा नियमित तौल लिने गरौं । कम तौल र कुपोषण हुनबाट बचाऔं ।

**श्री हेमकर्ण पौडेल**
प्रमुख

**श्री संगीता कुमारी चौधरी**
उप-प्रमुख

**इटहरी उप-महानगरपालिका**
**इटहरी, सुनसरी**

# असमावेशी सरकार



सन्देश अर्याल

संविधानले परिकल्पना गरेअनुसार समान पहुँच राज्यको नेतृत्व तहमा छैन । जसलाई हेर्दा स्पष्ट हुन सकिन्छ, समावेशिताको मर्मलाई उपेक्षा गरिएको छ ।




शासकीय पहुँचबाट टाढा रहेका सबै वर्ग, क्षेत्र र समुदायलाई राज्यको शासन सञ्चालन, कानुन निर्माण र कार्यान्वयन तहमा समान पहुँच र समान प्रतिनिधित्व गराउने उद्देश्यले समावेशीकरणको एजेण्डा अगाडि आएको हो । पछिल्लो समय भएको राजनीतिक परिवर्तनको मुल एजेण्डा पनि समावेशीकरण थियो । राज्यका हरेक निकाय र संरचनाहरुमा सिमान्तकृत समुदायको प्रतिनिधित्वको सवाल थियो । क्षमता र योग्यता भएर पनि महिला, दलित, जनजाति, अल्पसंख्यक र मधेशीले राज्यका निकायमा समान सहभागिता र अवसर पाउन नसकेको मुद्दा थियो । तत्कालिन १० वर्षे जनयुद्ध, दोस्रो जनआन्दोलन र मधेश आन्दोलनको मर्म पनि यही हो ।

सशस्त्र द्वन्द, दोस्रो जनआन्दोलन र मधेश आन्दोलनको मर्मअनुसार संविधानमै समावेशिताको एजेण्डालाई स्थापित गरिएको थियो । संविधानको धारा ४२ (१) मा स्पष्ट रुपमा समावेशिताको विषयमा व्यवस्था गरिएको छ। जहाँ भनिएको छ, “आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, अपांगता भएका व्यक्ति, लैंगिक तथा यौनिक अल्पसंख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस आर्यलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक हुनेछ ।”

तर, राज्यका सबैजसो निकायलाई हेर्दा संविधानमा उल्लेख भएअनुसार समावेशिताको मर्मअनुसार सबै वर्ग, क्षेत्र र समुदायको प्रतिनिधित्व हुन सकेको देखिन्न । आज संविधानले परिकल्पना गरेअनुसार समान पहुँच राज्यको नेतृत्व तहमा छैन । जसलाई हेर्दा स्पष्ट हुन सकिन्छ, समावेशिताको मर्मलाई उपेक्षा गरिएको छ ।

मंसिर ४ मा सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनको परिणाम र त्यो परिणामसँगै बनेको केन्द्रदेखि प्रदेशसम्मको संरचनालाई हेर्दा पनि नेतृत्व तह पूर्ण असमावेशी खालको देखिन्छ । आज पुष्पकमल दाहाल प्रचण्डको नेतृत्वको केन्द्रीय सरकारको मन्त्रिपरिषद्मा महिलाको सहभागिता संवैधानिकरुपमै भनिएअनुसार ३३ प्रतिशत छैन । जहाँ ‘फेस सेभिङ’का लागि दलितको सहभागिताको नाममा सुशीला सिर्पालीलाई राज्यमन्त्री बनाइएको छ । केन्द्र सरकारमा नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र)ले एक स्तरको समावेशिताको मर्मलाई स्वीकार गरेपनि नयाँ शक्तिको रुपमा उदाएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को अवस्था निकै दयनीय छ । रास्वपाको तर्फबाट सरकारमा प्रतिनिधित्व गर्ने सबै मन्त्री खस-आर्य समुदायका मात्रै छन् । सरकारमा सहभागि अर्को दल राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)मा त झन् समावेसशताको नारा परेकै छैन ।

## प्रदेश तह पनि असमावेशी

संघीयताको परिकल्पना हुँदै गर्दा समावेशिताको विषय झनै बढी चर्चामा थियो । तर, प्रदेश तहले उक्त मर्मलाई आत्मसात गर्न खोजेको देखिन्न । आज सात वटा प्रदेशमध्ये कुनै पनि प्रदेशमा न महिलाको नेतृत्व छ न त सामाजिकरुपमा पछि परेका जात जाति, भाषाभाषी वा समुदायको नेतृत्व । मधेश प्रदेशमा मधेशी समुदायबाट सरोजकुमार यादव मुख्यमन्त्री बनेपनि अन्य प्रदेशमा खस-आर्यकै नेतृत्व देखिन्छ ।

पछाडि परेको कर्णालीमा राजकुमार शर्मा मुख्यमन्त्री बनेका छन् भने सुदूरपश्चिम प्रदेशमा राजेन्द्र रावल मुख्यमन्त्री बनेका छन् । यता लुम्बिनीमा लिला गिरी मुख्यमन्त्री बनेका छन् भने गण्डकीमा खगराज अधिकारी । यस्तै, शालिकराम जमरकट्टेल बागमतीको मुख्यमन्त्री बनेका छन् भने हिक्मतकुमार कार्की प्रदेश १ को मुख्यमन्त्री बनेका छन् । उल्लेखित सबै नामहरु खस-आर्य समुदायकै हुन् । प्रदेशको मुख्य नेतृत्वमा मात्रै होइन अन्य अंगमा पनि अवस्था त्यस्तै छ । कुनै पनि प्रदेशको मन्त्रिपरिषद् समावेशिताको मर्मलाई स्वीकार्ने खालको छैन ।

सात सदस्यीय मन्त्रिमण्डल गठन भएको प्रदेश १ सरकारमा एक जना महिला मन्त्री छिन् भने दलित वा अल्पसंख्यक समुदायको प्रतिनिधित्व हुनसकेको छैन । मन्त्रिपरिषद्ले पूर्णता नपाएको मधेश प्रदेशमा पनि हालसम्म सबैजसो पुरुष मन्त्री मात्रै छन् भने मधेशी समुदायको मात्रै प्रतिनिधित्व भएको छ । बागमती प्रदेश सरकारको अवस्था पनि त्यस्तै छ । बागमतीमा गठित मन्त्रिपरिषद् असमावेशी देखिन्छ ।

गण्डकी प्रदेश सरकार केही समावेशी देखिन्छ तर, महिला प्रतिनिधित्वको हिसाबले त्यहाँ पनि समस्या छ । सात सदस्यीय मन्त्रीपरिषद्मा सीताकुमारी सुन्दास मात्रै मन्त्रीको रुपमा छिन् । लुम्बिनी र सुदूरपश्चिममा मन्त्रिपरिषद् विस्तार अन्योलपूर्ण छ। तर, विस्तारको तयारी भएको कर्णालीको अवस्था पनि सन्तोषजनक छैन । जहाँ महिला र दलितको प्रतिनिधित्व निकै कमजोर हुने देखिन्छ।

## दलितप्रति सबैतिर उपेक्षा

प्रतिनिधिसभामा विभिन्न राजनीतिक दलबाट १६ जना र राष्ट्रिय सभामा ७ जना गरेर संघीय ससदमा दलित समुदायका २३ सांसद निर्वाचित भएका छन् । २७५ सदस्यीय प्रतिनिधिसभामा १६ जना (करिब ६ प्रतिशत) दलित समुदायका सांसद निर्वाचित भएका हुन् । जसमध्ये एमालेका सचिव छविलाल विश्वकर्मा एक जनामात्रै प्रत्यक्षतर्फ निर्वाचित भएका छन् । बाँकी सबै समानुपातिक निर्वाचन प्रणालीबाट आएका हुन् । प्रतिनिधिसभाका १६ जना दलित समुदायका सांसदमा एमालेबाट ६, नेपाली कांग्रेसबाट ५, माओवादी केन्द्रबाट २, राष्ट्रिय स्वतन्त्र पार्टीबाट २ र राष्ट्रिय प्रजातन्त्र पार्टीबाट एक जना रहेका छन् । १६ मा आठआठ जना महिला र पुरुष रहेका छन् ।

यस्तै, ५९ सदस्यीय राष्ट्रिय सभामा ७ जना (करिब १२ प्रतिशत) दलित समुदायका सांसद निर्वाचित भएका छन् । जसमा माओवादी केन्द्रबाट सबैभन्दा बढी ४ जना, एमालेबाट एक जना, एकीकृत समाजवादीबाट एक जना र राष्ट्रिय जनमोर्चाबाट एक जना निर्वाचित भएका छन् ।

षडानन्द नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दिङ्ला, भोजपुर
१ नं प्रदेश, नेपाल

नगरबासीहरुमा जानकारी मूलक सन्देश

- जथाभावी फोहोर नगरौं । फोहोर बोक्ने गाडी आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
- बालश्रमको प्रयोग नगरौं । यस पालिकालाई बालश्रममुक्त बनाऔं । सबै बालबालिकालाई विद्यालय पठाऔं ।
- छोराछोरीमा भेदभाव नगरौं । दुबै समाजका सम्पति हुन्, बालबालिकाको लालन, पालन र शिक्षा दिक्षमा ध्यान दिऔं ।
- महिला हिंसारहित बनाउने अभियानमा सबै जना सहभागी बनौं ।
- व्यक्तिगत घटना दर्ता अन्तर्गत जन्म, विवाह, बसाईसराई, सम्बन्धविच्छेद, मृत्यु दर्ता समयमा नै गरौं । सभ्य नागरिकको भूमिका निर्वाह गरौं ।
- सडक छेउ किनारामा निर्माण सामग्रीहर नराखौं ।
- घर निर्माण गर्दा घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरु गरौं ।
- कर समयमै तिरौं ।
- बसोबास स्थल, टोलमा व्यवसायीहरुमा पशुपालन, कुखुरापालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।
- सार्वजनिक स्थलमा छाडा चौपाय नछाडौं ।
- बालश्रमको प्रयोग नगरौं ।
- जेष्ठ नागरिकको सम्मान गरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहुवर्षीय बिरुवा रोपौं ।
- हरेक किसिमका हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं ।
- सार्वजनिक सम्पति संरक्षणमा यस पालिकालाई सहयोग गरौं । सार्वजनिक स्थलमा जताततै फोहोरमैला नफालौं ।
- स्वस्थ रहन सरसफाईमा ध्यान दिऔं । आफ्नो घर आँगनबाट उत्पन्न हुने फोहोरमैलालाई उचित व्यवस्थापन गरी सफा, सुन्दर बनाउन सहयोग गरौं ।
- शौचालयमा दिसा, पिसाव गरेपछि साबुन पानीले हात धुने बानी बसालौं, जसबाट महामारीका रुपमा आउने रोगबाट बचौं ।
- हरेक गर्भवतीले नजिकको स्वास्थ्य संस्थामा गई नियमित गर्भजाँच गरौं । २ वर्ष मुनीका बच्चाहरुलाई नजिकको स्वास्थ्य संस्थामा लगेर मासिकरुपमा नियमित तौल लिने गरौं । कम तौल र कुपोषण हुनबाट बचाऔं ।

श्री सुरेन्द्र कुमार उदास
प्रमुख

श्री प्रमिला राई
उप- प्रमुख

षडानन्द नगरपालिका
दिङ्ला, भोजपुर, १ नं प्रदेश, नेपाल

शिवसताक्षी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ब्याङ्गडाबा, झापा
१ नं प्रदेश, नेपाल

नगरबासीहरुमा जानकारी मूलक सन्देश

- आफ्नो टोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।
- सार्वजनिक स्थलमा छाडा चौपाय नछाडौं ।
- जथाभावी फोहोर नगरौं । फोहोर बोक्ने गाडी आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
- बालश्रमको प्रयोग नगरौं । यस पालिकालाई बालश्रममुक्त बनाऔं । सबै बालबालिकालाई विद्यालय पठाऔं ।
- छोराछोरीमा भेदभाव नगरौं । दुबै समाजका सम्पति हुन्, बालबालिकाको लालन, पालन र शिक्षा दिक्षमा ध्यान दिऔं ।
- महिला हिंसारहित बनाउने अभियानमा सबै जना सहभागी बनौं ।
- सडक छेउ किनारामा निर्माण सामग्रीहर नराखौं ।
- घर निर्माण गर्दा घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरु गरौं ।
- कर समयमै तिरौं ।
- बसोबास स्थल, टोलमा व्यवसायीहरुमा पशुपालन, कुखुरापालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- बालश्रमको प्रयोग नगरौं ।
- व्यक्तिगत घटना दर्ता अन्तर्गत जन्म, विवाह, बसाईसराई, सम्बन्धविच्छेद, मृत्यु दर्ता समयमा नै गरौं । सभ्य नागरिकको भूमिका निर्वाह गरौं ।
- जेष्ठ नागरिकको सम्मान गरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहुवर्षीय बिरुवा रोपौं ।
- हरेक किसिमका हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं ।
- सार्वजनिक सम्पति संरक्षणमा यस पालिकालाई सहयोग गरौं । सार्वजनिक स्थलमा जताततै फोहोरमैला नफालौं ।
- हरेक गर्भवतीले नजिकको स्वास्थ्य संस्थामा गई नियमित गर्भजाँच गरौं । २ वर्ष मुनीका बच्चाहरुलाई नजिकको स्वास्थ्य संस्थामा लगेर मासिकरुपमा नियमित तौल लिने गरौं । कम तौल र कुपोषण हुनबाट बचाऔं ।
- स्वस्थ रहन सरसफाईमा ध्यान दिऔं । आफ्नो घर आँगनबाट उत्पन्न हुने फोहोरमैलालाई उचित व्यवस्थापन गरी सफा, सुन्दर बनाउन सहयोग गरौं ।
- शौचालयमा दिसा, पिसाव गरेपछि साबुन पानीले हात धुने बानी बसालौं, जसबाट महामारीका रुपमा आउने रोगबाट बचौं ।

श्री मेघहाङ्ग थोपा (रोशन)
प्रमुख

श्री नरमाया कार्की
उप- प्रमुख

शिवसताक्षी नगरपालिका
ब्याङ्गडाबा, झापा, १ नं प्रदेश, नेपाल

यथार्थ मध्यान्ह २० औं वार्षिकोत्सव यात्रा २१ औं वर्षमा
१२ माघ २०७९, बिहीबार । 26 January 2022, Thursday

# पत्रकारलाई अधिकार



शिवराज परियार

**मुलुक संघीयतामा गएपछि दोस्रो संसदको कार्यकाल प्रारम्भ भएको छ । त्यही संसदमा विभिन्न क्षेत्रको प्रतिनिधित्व गर्दै पत्रकारितालाई पृष्ठभूमि बनाएका व्यक्तिहरु निर्वाचित बनेका छन् । आगामी दिनमा पत्रकारितालाई मर्यादित बनाउनका लागि उनीहरुले महत्वपूर्ण भूमिका खेल्न सक्ने अपेक्षा गरिएको छ ।**

नेपाली समाजमा एउटा उखान प्रचलनमा छ, 'बत्ति मुनिको अँध्यारो' । नेपाली पत्रकारिता क्षेत्रमा पनि यो उखानको बेलाबखत चर्चा हुने गर्दछ । अपवाद बाहेकको नेपाली पत्रकारिता यहि उखानको पर्याय बन्दै गइरहेको छ भन्दा खासै फरक पर्दैन । आम नागरिकलाई सुसूचित गर्नुपर्ने पत्रकार नै बेलाबखत बेखबर हुन्छन् र अन्यायको विरुद्धमा आवाज उठाउने पत्रकार नै दमनमा परिरहेका हुन्छन् ।

नेपाल पत्रकार महासंघले गत वैशाखको पहिलो साता कान्तिपुर टेलिभिजनको कार्यालयमा धर्ना दियो । न्यूनतम पारिश्रमिक तत्काल लागू गर्नुपर्ने, श्रमजीवी पत्रकार ऐनको कार्यान्वयन गर्नुपर्ने, स्ट्रिन्जर र रिपोर्टरलाई स्थायी गर्नुपर्ने, सरकारसँग लिइएको सहुलियतपूर्ण ऋणलाई पत्रकारको हितमा लागू गर्नुपर्ने, विभिन्न बहानामा निष्कासित पत्रकारहरुलाई पुनर्बहाली गर्नुपर्ने माग राख्दै महासंघले धर्ना दिएको थियो ।

टेलिभिजनबाट निकालिएकी पत्रकार दिपा दाहाललाई पुनः सोही पदमा पुनर्बहाली गर्ने र अन्य मागहरु पूरा गर्ने सहमति भएपछि महासंघले धर्ना स्थगित गरेको गऱ्यो । प्रस्तुत सन्दर्भ नेपाली सञ्चारमाध्यमको एउटा प्रतिनिधिमूलक घटना मात्रै हो । यस्ता घटना प्राय अधिकांश सञ्चारमाध्यममा छन् भन्दा खासै फरक पर्दैन । अपबादमा रहेका केही सञ्चार गृहमा कार्यरत पत्रकार तथा सञ्चारकर्मीले त्यस्तो समस्या भोग्न नपरेको हुन सक्छ । तर त्यो निकै न्यून रहेको छ ।

श्रमिक पत्रकारको पक्षमा महासंघ निरन्तर लड्ने पत्रकार महासंघले बताउदै आएको छ । पत्रकार महासंघका महासचिव रोशन पुरीले सञ्चारगृहमा नियुक्ति पत्र नदिने र न्यूनतम पारिश्रमिक समेत नदिने सञ्चार गृहप्रति आपत्ति जनाउदै आएका छन् । त्यति मात्र होइन, अन्यायमा परेका श्रमजीवी पत्रकारको लागि सदा सहयोग गर्ने महासंघको प्रतिबद्धता छ । तर त्यो कार्यान्वयनको पाटोमा भने पूर्ण रुपमा असफल छ भन्दा गलत भइँदैन ।

पत्रकारको श्रम अधिकारलाई महासंघले उच्च प्राथमिकतामा राखेको र पछिल्लो समय महासंघले पत्रकारको श्रम अधिकार प्राप्तिका लागि गरेका प्रयासहरूकै कारण उजुरी गर्ने र आफ्नो अधिकार खोज्ने प्रवृत्तिमा गुणात्मक र संख्यात्मक विकास भएको महासंघको दाबी छ ।

मुलुक संघीयतामा गएपछि दोस्रो संसदको कार्यकाल प्रारम्भ भएको छ । त्यही संसदमा विभिन्न क्षेत्रको प्रतिनिधित्व गर्दै पत्रकारितालाई पृष्ठभूमि बनाएका व्यक्तिहरु निर्वाचित बनेका छन् । आगामी दिनमा पत्रकारितालाई मर्यादित बनाउनका लागि उनीहरुले महत्वपूर्ण भूमिका खेल्न सक्छन् । र, त्यसतर्फ अग्रसर हुनु जरुरी छ ।

पत्रकारिता पृष्ठभूमि भएका नेपाली कांग्रेसबाट वरिष्ठ नेता रामचन्द्र पौडेल, महामन्त्रीद्वय विश्वप्रकाश शर्मा र गगन थापा, केन्द्रीय सदस्य रमेश लेखक, स्वतन्त्र उम्मेदवार अमरेशकुमार सिंह, नेकपा एमालेबाट गोकुल बाँस्कोटा र सूर्य थापा, राष्ट्रिय स्वतन्त्र पार्टीका संयोजक रवि लामिछाने र सोविता गौतम प्रत्यक्ष निर्वाचन प्रणालीमार्फत् नै निर्वाचित भएका छन् ।

तनहुँ निर्वाचन क्षेत्र नम्बर २ बाट २५ हजार तीन सय ६१ मत प्राप्त गर्दै विजयी बनेका कांग्रेसका वरिष्ठ नेता पौडेलले पञ्चायतकालमा 'तरुण' पत्रिकाको सम्पादक मण्डलमा बसेर काम गरेका थिए । उनलाई वर्तमान पत्रकारिताको मात्रै होइन, पञ्चायतमा पत्रकारले भोगेको समस्याका बारेमा पनि राम्रो ज्ञान छ ।

झापा-१ बाट ३९ हजार ६ सय २४ मतसहित विजयी भएका कांग्रेसका महामन्त्री शर्मा 'ऐना' कार्यक्रमको प्रस्तोता थिए । उनले त्यस कार्यक्रममार्फत् पत्रकारले भोग्न परेका समस्याहरुको जानकारी मात्रै पाएनन्, समाजमा रहेका विभिन्न कूरीतिका बारेमा पनि जानकारी लिए । र, त्यही कार्यक्रममार्फत् आम नागरिकलाई देखाउँने मौका पनि प्राप्त गरे । कांग्रेसकै अर्का महामन्त्री थापा काठमाडौं निर्वाचन क्षेत्र नम्बर ४ बाट २१ हजार तीन सय दुई मत प्राप्त गरी विजयी भए । उनी इमेज एफ.एम.मा कार्यक्रम प्रस्तोता तथा समाचार वाचक थिए । उनले पनि सञ्चारकर्ममा रहँदा पत्रकारका पीडा र समस्या जानेका सुनेका मात्रै होइन भोगेका पनि छन् । २०४८ सालमा 'महाकाली' साप्ताहिकका कार्यकारी सम्पादक भएर काम गरेका लेखक कांग्रेसका केन्द्रीय सदस्य हुन् । उनी ३० हजार पाँच सय ७५ मत प्राप्त गर्दै विजयी बनेका हुन् ।

यस्तै, स्वतन्त्र उम्मेदवार अमरेशकुमार सिंह सर्लाही-४ बाट २० हजार १७ मत प्राप्त गरी प्रतिनिधिसभा सदस्यका लागि निर्वाचित बनेका छन् । उनी गोरखापत्र दैनिकका पूर्वसञ्चालक समिति सदस्यसमेत हुन् । त्यसैगरी एमालेका नेता बाँस्कोटा काभ्रेपलान्चोक-२ बाट ४५ हजार तीन सय ४५ मत ल्याएर विजयी बने । पूर्व सञ्चार तथा सूचना प्रविधिमन्त्री बाँस्कोटा 'सम्बोधन' साप्ताहिकको सम्पादक थिए ।

त्यसैगरी एमालेका सूर्य थापा प्यूठानबाट ४१ हजार एक सय १ मतसहित विजयी बनेका छन् । थापा 'बुधबार' साप्ताहिकको सम्पादक थिए ।

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति लामिछाने चितवन-२ बाट ४९ हजार तीन सय मत ल्याएर विजयी भएका छन् । उनी टेलिभिजनबाट प्रसारित हुने कार्यक्रम 'सिधा कुरा जनतासँग' का प्रस्तोता हुन् । त्यसैगरी पत्रकारिता पृष्ठभूमि भएकी रास्वपाका नेत्री गौतम १५ हजार दुई सय ३ मतसहित काठमाडौं निर्वाचन क्षेत्र नम्बर २ बाट विजयी भएकी छिन् ।

उनीहरु सबैले पत्रकार र पत्रकारिता क्षेत्रका समस्याहरु देखेका र सुनेका मात्रै नभएर प्रत्यक्ष परोक्षरुपमा भोगेका पनि छन् । अहिले उनीहरु ऐन कानून निर्माण गर्ने स्थानमा छन् । उनीहरुको भूमिका पत्रकारिता क्षेत्रको समस्या समाधानका लागि अन्य सांसदको भन्दा फरक र महत्वपूर्ण हुनुपर्दछ ।

त्यसो त पत्रकारिता क्षेत्रलाई मर्यादित बनाउनका लागि विभिन्न ऐन कानून नबनेका होइनन् । ति ऐन कानूनको प्रभावकारी रुपमा कार्यान्वयन भने भएको पाइँदैन । कानूनको प्रभावकारी कार्यान्वयन भएमा आगामी दिनमा पत्रकारिता क्षेत्र अझ परिस्कृत र सुदृढ ढंगबाट अगाडि बढ्नेछ ।




कुनै पनि कानून कार्यान्वयन गराउने पहिलो दायित्व सरकारको हो । तर श्रमजीवी पत्रकार ऐनको कार्यान्वयन गराउने विषयमा सरकार सधैं उदासीन देखिँदै आएको छ । ऐन कार्यान्वयन नगर्ने सञ्चार गृहमाथि हुनुपर्ने कारबाहीको अवस्थासमेत निकै फितलो छ । सरोकारवाला पक्षको निरन्तर दवाव र खबरदारीकाबीच पनि ऐन कार्यान्वयनमा प्रभावकारिता आउन सकेको छैन ।


## जहदा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
मझारे, मोरङ, प्रदेश नं १, नेपाल

### जहदा गाउँपालिकाद्वारा उपभोक्ता हित संरक्षणमा जारी सूचना

**उद्योग तथा व्यवसायका लागि :**

१. बिक्रेताले बिक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र बिक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुन: तौल गर्न लगाउने ।
६. नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव)हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. बिमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरवदल गर्नुपर्नेछ ।
११. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
१२. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
१५. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने ।

वस्तु तथा सेवामा समान पहुच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो । आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।

श्री जितेन्द्र प्रसाद साह
अध्यक्ष

श्री हन्ना सोरेन
उपाध्यक्ष

जहदा गाउँपालिका, मझारे, मोरङ, प्रदेश नं १, नेपाल



## अग्निसाईर कृष्णासवरन गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
सितापुर, सप्तरी
मधेश प्रदेश, नेपाल

### गाउँबासीहरुमा जानकारी मूलक सन्देश

- सडक छेउ किनारामा निर्माण सामग्रीहर नराखौं ।
- घर निर्माण गर्दा घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरु गरौं ।
- कर समयमै तिरौं ।
- सार्वजनिक स्थलमा छाडा चौपाय नछाडौं ।
- बालश्रमको प्रयोग नगरौं ।
- जेष्ठ नागरिकको सम्मान गरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहुवर्षीय बिरुवा रोपौं ।
- हरेक किसिमका हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं ।
- जथाभावी फोहोर नगरौं । फोहोर बोक्ने गाडी आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
- बालश्रमको प्रयोग नगरौं । यस पालिकालाई बालश्रममुक्त बनाऔं । सबै बालबालिकालाई विद्यालय पठाऔं ।
- छोराछोरीमा भेदभाव नगरौं । दुबै समाजका सम्पति हुन्, बालबालिकाको लालन, पालन र शिक्ष दिक्षमा ध्यान दिऔं ।
- महिला हिंसारहित बनाउने अभियानमा सबै जना सहभागी बनौं ।
- व्यक्तिगत घटना दर्ता अन्तर्गत जन्म, विवाह, बसाईसराई, सम्बन्धविच्छेद, मृत्यु दर्ता समयमा नै गरौं । सभ्य नागरिकको भूमिका निर्वाह गरौं ।
- बसोबास स्थल, टोलमा व्यवसायीहरुमा पशुपालन, कुखुरापालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।
- सार्वजनिक सम्पति संरक्षणमा यस पालिकालाई सहयोग गरौं । सार्वजनिक स्थलमा जताततै फोहोरमैला नफालौं ।
- स्वस्थ रहन सरसफाईमा ध्यान दिऔं । आफ्नो घर आँगनबाट उत्पन्न हुने फोहोरमैलालाई उचित व्यवस्थापन गरी सफा, सुन्दर बनाउन सहयोग गरौं ।
- शौचालयमा दिसा, पिसाव गरेपछि साबुन पानीले हात धुने बानी बसालौं, जसबाट महामारीका रुपमा आउने रोगबाट बचौं ।
- हरेक गर्भवतीले नजिकको स्वास्थ्य संस्थामा गई नियमित गर्भजाँच गरौं । २ वर्ष मुनीका बच्चाहरुलाई नजिकको स्वास्थ्य संस्थामा लगेर मासिकरुपमा नियमित तौल लिने गरौं । कम तौल र कुपोषण हुनबाट बचाऔं ।

श्री दिनानाथ चौधरी
अध्यक्ष

श्री कल्पना चौधरी
उपाध्यक्ष

अग्निसाईर कृष्णासवरन गाउँपालिका
सितापुर, सप्तरी, मधेश प्रदेश, नेपाल



## सुनवर्षी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
डाईनिया, मोरङ, प्रदेश नं. १, नेपाल

### नगरबासीहरुमा जानकारी मूलक सन्देश

- हरेक किसिमका हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं ।
- जथाभावी फोहोर नगरौं । फोहोर बोक्ने गाडी आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
- बालश्रमको प्रयोग नगरौं । यस पालिकालाई बालश्रममुक्त बनाऔं । सबै बालबालिकालाई विद्यालय पठाऔं ।
- छोराछोरीमा भेदभाव नगरौं । दुबै समाजका सम्पति हुन्, बालबालिकाको लालन, पालन र शिक्ष दिक्षमा ध्यान दिऔं ।
- महिला हिंसारहित बनाउने अभियानमा सबै जना सहभागी बनौं ।
- व्यक्तिगत घटना दर्ता अन्तर्गत जन्म, विवाह, बसाईसराई, सम्बन्धविच्छेद, मृत्यु दर्ता समयमा नै गरौं । सभ्य नागरिकको भूमिका निर्वाह गरौं ।
- बसोबास स्थल, टोलमा व्यवसायीहरुमा पशुपालन, कुखुरापालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।
- सार्वजनिक सम्पति संरक्षणमा यस पालिकालाई सहयोग गरौं । सार्वजनिक स्थलमा जताततै फोहोरमैला नफालौं ।
- स्वस्थ रहन सरसफाईमा ध्यान दिऔं । आफ्नो घर आँगनबाट उत्पन्न हुने फोहोरमैलालाई उचित व्यवस्थापन गरी सफा, सुन्दर बनाउन सहयोग गरौं ।
- शौचालयमा दिसा, पिसाव गरेपछि साबुन पानीले हात धुने बानी बसालौं, जसबाट महामारीका रुपमा आउने रोगबाट बचौं ।
- हरेक गर्भवतीले नजिकको स्वास्थ्य संस्थामा गई नियमित गर्भजाँच गरौं । २ वर्ष मुनीका बच्चाहरुलाई नजिकको स्वास्थ्य संस्थामा लगेर मासिकरुपमा नियमित तौल लिने गरौं । कम तौल र कुपोषण हुनबाट बचाऔं ।

श्री श्यामप्रसाद राजवंशी
प्रमुख

श्री मिरा देवी दास केवरत
उप-प्रमुख

सुनवर्षी नगरपालिका
डाईनिया, मोरङ, प्रदेश नं. १, नेपाल

# विलासीताको ट्याग्ले उपेक्षित



ध्रुव थापा

> ❝ डेढ दशक अधिसम्म पनि सवारीका साधनहरु सम्पन्न वर्गले मात्र प्रयोग गर्ने साधन मानिन्थ्यो । तर समय क्रमसँगै यस्तो स्थिति र सोचमा भारी परिवर्तन आईसकेको छ । अब सवारीका साधनमा सीमित सम्पन्न वर्गको मात्र पहुँच रहेन । यो मध्यम र निम्न मध्यम वर्गका लागि समेत आवश्यक वस्तु भइसकेको छ ।

वर्तमान विश्व परिवेशमा अटोमोबाइलका साधनहरु अत्यावश्यक साधन भइसकेकोको छ । तर नेपाल सरकारले अझै पनि अटोमोवाइलका साधनहरुलाई विलासीताका वस्तुहरुमा बर्गिकरण गरी सोही अनुरुप नीतिहरुको निर्माण गर्दै आएको छ । सरकारको यस्तो नीतिको कारण अटोमोवाइल व्यवसायमा गम्भीर असर पर्नुका साथै यसबाट राष्ट्रको सर्वाङ्गीण विकासमा नै नकारात्मक असर परेको छ ।

नेपालमा अटोमोवाइल व्यवसायको विस्तृत रुपमा विस्तार भएको तीन दशक पनि भएको छैन । राजधानीमा केही संख्यामा मात्र अटोमोवाइल व्यवसायीहरु थिए । यातायातका साधनहरु पनि अधिकांश सरकारी, कूटनीतिक तथा भाडाका मात्र हुन्थे । सार्वजनिक क्षेत्रका यातायातका साधनमा ट्रक,बस, मिनिवस र राजधानीमा ट्याक्सीको वाहुल्यता थियो । सवारी साधन पैठारीकर्ताहरुले आफना ग्राहकहरुलाई आफूले विक्री गर्ने सवारी साधनहरुको क्याटलगहरु देखाएर बुकिङ्ग गर्दथे, ग्राहकले आफूले बुकिङ्ग गरेको सवारी साधन पाउन ३ महिना देखि वर्ष दिनसम्म प्रतीक्षा गर्नुपर्ने अवस्था थियो ।

डेढ दशक अधिसम्म पनि सवारीका साधनहरु सम्पन्न वर्गले मात्र प्रयोग गर्ने साधन मानिन्थ्यो । तर समय क्रमसँगै यस्तो स्थिति र सोचमा भारी परिवर्तन आईसकेको छ । अब सवारीका साधनमा सीमित सम्पन्न वर्गको मात्र पहुँच रहेन । यो मध्यम र निम्न मध्यम वर्गका लागि समेत आवश्यक वस्तु भइसकेको छ । कसैका लागि त सवारी साधन आवश्यक वस्तु मात्र नभई घर परिवारको इज्जत र प्रतिष्ठाको विषय समेत भइसकेको छ । समाजमा बढ्दो यस्तो प्रवृत्तिले सवारी साधनको आयात तीव्र बनेको हो । अटोमोवाईल साधनहरुको समग्र आयातलाई हेर्दा नेपाली बजारमा भारतीय उत्पादनकै दबदबा छ । नेपालको अटोमोवाईल बजारको झण्डै ९० प्रतिशत भारतीय उत्पादन र ब्राण्डले ओगटेको छ । झण्डै दुई दशक अधिसम्म तुलनात्मक रुपले तेस्रो मुलुक र भारतबाट हुने अटोमोवाईल वस्तुहरुको आयात करिव समान प्रतिशतमा थियो । भारतमा वाह्य लगानी खुल्ला गरिएपछि त्यहाँको अटोमोवाईल क्षेत्रमा समेत बढ्दो वैदेशिक लगानीको परिणाम स्वरुप भारतमा अटोमोवाईल वस्तुहरुको उत्पादन पनि तीव्र बन्दै आएको छ । हालका वर्षहरुमा भारतीय उत्पादनका अटोमोबाइल वस्तुहरुको आयातमा बृद्धि हुदै गएको छ भने उच्च मूल्यका कारण जापान र युरोपमा निर्मित यातायातका साधनहरुको आयातमा गिरावट आएको छ । नेपालको बजारमा मुलतः भारत, कोरिया तथा चीनमा निर्मित १५०० सी.सी. सम्मका चार पाँग्रे र २५० सी.सी.सम्मका दुई पाँग्रे सवारी साधनको आयातमा वृद्धि हुदै आएको छ । ढुवानीका साधनहरुको हकमा भने झण्डै सतप्रतिशत भारतबाट आयात गर्नुपर्ने अवस्था छ ।

## अटोमोवाइल व्यवसायको वर्तमान स्थिति र त्यसको योगदान

पछिल्ला वर्षहरुमा वित्तीय क्षेत्रले अटोमोबाइलको क्षेत्रमा समेत सहुलियत दरमा लगानी गर्न थालेपछि मध्यम र निम्न वर्गका लागि समेत सवारी साधन खरिद गर्नु सामान्य भइसकेको छ । भारतमा जापानी, युरोपेली र कोरियाली कम्पनीका गाडीहरु समेतको उत्पादन हुन थाले पछि जापानी, युरोपियन र कोरियन गाडीहरुको माग र आयात क्रमशः घट्न थालेको छ । देशको राजस्वको प्रमुख श्रोतको रुपमा रहेको नेपालको अटोमोबाइल क्षेत्रले प्रत्यक्ष रुपमा १ लाख र अप्रत्यक्ष रुपमा १० लाख नागरिकलाई रोजगारी समेत प्रदान गरेको छ । नेपालको विज्ञापन बजारमा लगभग चालिस प्रतिशत हिस्सा अटोमोबाइल क्षेत्रले लिएको छ भने निजिवबन विमामा पनि यस क्षेत्रले ५० प्रतिशत योगदान दिएको छ । त्यसैगरी नेपालको अटोमोबाइल क्षेत्रमा १ खर्ब भन्दा बढीको लगानी रहेको छ ।

## अटोमोवाइल व्यवसायमा देखिएका चुनौतिहरु

हाम्रो जस्तो देशमा सवारी तथा ढुवानीका लागि एक मात्र विकल्पको रुपमा अटोमोबाइलका साधनहरु नै रहेकोमा कुनै सन्देह छैन । वर्तमान विश्व परिवेशमा अटोमोबाइलका साधनहरु नभई नहुने अत्यावश्यक साधन भई सकेकोको छ । तर नेपाल सरकारले अझै पनि अटोमोवाइलका साधनहरुलाई विलासीताका वस्तुहरुमा बर्गिकरण गरी सोही अनुरुप नीतिहरुको निर्माण गर्दै आएको छ । सरकारको यस्तो नीतिको कारण अटोमोवाइल व्यवसायमा गम्भीर असर पर्नुका साथै यसबाट राष्ट्रको सर्वाङ्गीण विकासमा नै नकारात्मक असर परेको छ । सवारी साधनमा दिइने कर्जा समग्र बैंकिङ्ग लगानीको हाल २.५ प्रतिशत मात्र रहेको र सवारी कर्जाको डिफल्ट पनि ज्यादै न्यून रहेको छ । सरकारले शिक्षा, स्वास्थ, सञ्चार र यातायातलाई देशको पहिलो आवश्यकताको रुपमा लिदै आएको भए पनि सरकारले यातायात क्षेत्रसँग सम्बन्धित अटोमाबाइल व्यवसायलाई भने सोही अनुरुप प्राथमिकतामा राखेको देखिदैन ।

निजी, सार्वजनिक, निर्माण तथा सेवाका लागि प्रयोग हुने सवारी साधन, स्पेयर पार्टस्, सर्भिस सेन्टर, लुब्रिकेन्ट्स, टायरट्युब, व्याट्री लगायतका व्यवसायहरु प्रत्यक्ष र परोक्ष रुपमा उत्पादकत्व बढाउने व्यवसाय हुन् । सवारी साधनहरु पूर्वाधारको पनि पूर्वाधार मानिने सडकमा मात्र प्रयोग हुने र कुनै पनि प्रकारको विकास निर्माणको लागि अपरिहार्य साधन हो । अहिले पनि सरकारको प्राथमिकता :बकक त्वबलकउयचतबतष्यल तिर जान सकेको छैन । उत्पादनसँग प्रत्यक्ष सम्बन्ध रहेको सवारी साधन जति जति आवश्यक बन्दै छ, त्यति त्यति सरकारले त्यसलाई निरुत्साहित गर्ने नीति ल्याउने गरेको छ । यति मात्र होइन देशमा जब जब तरलताको संकट आउँछ, त्यसबेला सरकारले आफनो प्रहारको सोझो निशाना अटोमोबाइल व्यवसायतर्फ तेर्स्याउने गरेको छ । १ अंश विदेशी मुद्रा त्यो पनि भारु खर्च हुँदा तीन अंश राजस्व प्राप्त भईरहेको परिप्रेक्षमा पनि सरकारले त्यसलाई बेवास्ता गर्दै अटोमोबाइल व्यवसायलाई निरुत्साहित गर्ने किसिमका विभिन्न नीतिहरु ल्याइएका छन् । अटो लोन एउटा बैंकले दिने र अर्को बैंकमा जम्मा हुने प्रकृतिको लोन हो । एउटा ग्राहकको लागि सानो सानो रकम प्रवाह हुने भएकोले यसबाट तरलतामा नकारात्मक प्रभाव पार्ने देखिदैन भने जोखिम पनि कम रहेको अवस्था छ ।

उपत्यकाको सडक जाम हुनुमा सडक विस्तार हुन नसक्नु, विस्तार भएको सडकले पूर्णता नपाउनु, ट्राफिक लाइटको उपयुक्त व्यवस्था नहुनु, ट्राफिकको संख्या कम हुनु, फ्लाइङ्ग ओभरको कमि हुनु, जनचेतनाको कमी हुनु र करीडोरको सडकले पूर्णता नपाउनु आदि मुख्य कारक तत्वहरु हुन् । यी सबै कुरालाई विर्सेर ऋबकज ऋचगलअज वा ट्राफिक जाम भएको वा अन्य कुनै पनि नाममा सवारी साधनको आयात निरुत्साहन गर्ने नीति अवलम्बन गर्नु उपयुक्त मान्न सकिदैन । अझ नेपाल सरकारको घोषित नीति अनुसार सन् २०२६ सम्म नेपाललाई अति कम विकसित राष्ट्रको श्रेणीबाट स्तरोन्नति गरेर विकासशील राष्ट्र बनाउने र २०३० सम्म नेपाललाई विश्वको मध्यम आयस्तर भएको राष्ट्रको श्रेणीमा पुऱ्याउने लक्ष्य राखेको सन्दर्भमा विकासको सम्वाहक मानिने सवारी साधनहरुको आयातलाई नै हतोत्साहित गर्ने नीतिहरु ल्याउनु आफैमा विरोधाभाषपूर्ण छ । यसबाट स्वयम् अटोमोबाइल व्यवसायीहरु किकर्तव्यविमूढ बनेका छन् ।

नेपालमा सवारी साधनमा दक्षिण एसियाकै सबैभन्दा महँगो दर लगभग २८० प्रतिशतसम्म कर लगाइने गरेको छ । नेपालमा सवारी साधनहरु छिमेकी मुलुकहरु भारत र चीनमा भन्दा भण्डै ५ गुणा बढी महँगो छ । मोटरसाइकलकै मूल्य पनि भारतको तुलनामा ३ गुणा महँगो छ । त्यही मोटरसाइकल पनि नेपालको कुल जनसंख्याको करिव ११ प्रतिशतले मात्र प्रयोग गर्ने सौभाग्य पाएका छन् । त्यसैगरी कार जीप र भ्यानको प्रयोग त अझ १ प्रतिशतमा सीमित छ । सरकारले वर्तमान विश्व परिवेशलाई दृष्टिगतगरी सबै नेपाली नागरिकले सवारी साधन चढ्न पाउने वातावरण बनाउनुको सट्टा पटक पटक अवरोधात्मक नीतिहरु ल्याएर सर्वसाधारण जनताले सवारी साधनहरु खरिद गर्न नै नसक्ने वातावरण बनाउदै आएको छ ।

नेपालको छिमेकी देश चीन विश्व नम्बर एक अटोमोबाइल उत्पादक र विक्रेता राष्ट्र हो । उसले विश्वको ३३ प्रतिशत कार जीप र भ्यान उत्पादन गर्दछ भने ग्लोवल अटोमोबाइल सेल्समा उसको २६.२७ प्रतिशत हिस्सा छ । त्यसैगरी हाम्रो अर्को छिमेकी मुलुक भारत हालका वर्षहरुमा जर्मनी र जापान जस्ता विश्वका विकसित र औद्योगिक मुलुकहरुलाई समेत पछि पार्दै विश्वको तेश्रो ठूलो अटोमोबाइल उत्पादक र विक्रेता राष्ट्र बन्न पुगेको छ । जसले ग्लोवल अटोमोवाइल सेल्समा ४.२ प्रतिशत हिस्सा ओगटेको छ । यसरी अहिले समग्र दक्षिण एसिया नै अटोमोवाइल हब बनि सकेको देखिन्छ । यस्तो स्थितिमा सरकारले त्यसबाट प्राप्त हुने अवसरहरुलाई सदुपयोग गर्न ती विद्यमान अवरोधात्मक नीतिहरुलाई परिमार्जन गर्दै अटोमोबाइल उद्योग र व्यवसायलाई थप प्रोत्साहित गर्नु पर्ने देखिन्छ । यसका लागि सरकारले नेपालमा अटोमोबाइल स्पेयर पार्टस र एसेसरिज लगायतका उद्योगहरु स्थापनागरी ती उद्योगहरुबाट उत्पादित अटोमोवाइल वस्तुहरुलाई हाम्रा दुई छिमेकी मुलुकहरुमा निर्यातगरी त्यसबाट प्रशस्त लाभ लिन सकिने अवस्था सिर्जना भएको छ । यसका लागि सरकारले अटोमोबाइल उद्योग र व्यवसायका लागि अनुकुल र स्थायी प्रकृतिको नीति अवलम्बन गर्न जरुरी छ । विश्वको अटोमोवाइल बजार हाल ३.८ ट्रिलियन यु.यस डलर पुगेको सन्दर्भमा हामीले त्यसबाट एउटा सानो मात्र अंश लिन सक्यौ भने नेपालीहरु धेरै लाभान्वित हुन सक्ने देखिन्छ ।

त्यसैगरी सडक अटोमोवाइलको अर्को महत्वपूर्ण पाटो हो । सडक पूर्वाधारको पनि पूर्वाधार हो भन्ने मान्यतालाई सरकारले आत्मसात गर्दै सन् २०३० सम्ममा ७ लाख किलोमिटर सडक निमार्ण गर्ने दीर्घकालीन योजना अगाडि सारेको छ । त्यसैगरी आगामी ५ वर्षभित्र सडक निर्माण, मर्मत संभार र स्तरोन्नतिको लागि ८ खर्ब १६ अर्ब खर्च गर्ने निर्णय समेत गरेको सन्र्दभमा त्यही सडकमा गुड्ने सवारी साधनहरुको प्रयोगलाई भने सरकारले प्रोत्साहित नगरेर निरुत्साहित मात्र गरिरहनुको निर्मम समीक्षा गर्ने समय आइसकेको छ ।

***(लेखक थापा नाडा अटोमोबाइल्स एसोसिएशन अफ नेपालका अध्यक्ष हुन् ।)***





## नेप्से अनलाइन ट्रेडिङ सिस्टम (नट्स) सम्बन्धी जिज्ञासा र जवाफ

**नेपाल स्टक एक्सचेन्ज (नेप्से) लिमिटेड**ले सञ्चालनमा ल्याएको अनलाइन ट्रेडिङ सिस्टम प्रयोगसम्बन्धमा सर्वसाधारणले व्यक्त गरेका जिज्ञासालाई सम्बोधन गर्न यो जानकारीमूलक सामग्री तयार गरिएको छ ।

**अनलाइन प्रयोग गर्न युजरनेम र पासवर्ड कहाँ लिने ?**
नेप्सेको सदस्यता प्राप्त धितोपत्र दलालहरु र उपत्यका बाहिर तिनीहरुका शाखाबाट नट्स प्रयोग गर्नका लागि युजरनेम र पासवर्ड प्राप्त गर्न सकिन्छ । धितोपत्र दलालहरुको नाम, ठेगाना र फोन नम्बर नेप्सेको वेबसाइट www.nepalstock.com तथा www.nepalstock.com.np मा उपलब्ध छ ।

**युजरनेम र पासवर्ड निःशुल्क हो ?**
हो ।

**ट्रेड म्यानेजमेन्ट सिस्टम (टिएमएस) भनेको के हो ?**
लगानीकर्तालाई ब्रोकर तथा नेप्सेको प्रणालीमा जोड्ने माध्यम टिएमएस हो । टिएमएसबाट लगानीकर्ताले खरिद तथा बिक्री आदेश प्रविष्ट गराउन सक्छन् । सदस्य दलालले यो माध्यम लगानीकर्ताको मोबाइल तथा ल्यापटपमा उपलब्ध गराउँछन् ।

**टिएमएसमा प्रयोगकर्ताको भूमिका के हुन्छ ?**
नेप्से अनलाइन ट्रेडिङ सिस्टम Role Based Content Management प्रणाली भएको हुँदा ब्रोकरको Admin User ले आफ्नो Internal User तथा Client हरुलाई आवश्यकता अनुसार Role प्रदान गर्न सक्नेछ । यसबाट कुन User लाई कस्तो प्रकारको Menu/Function दिने भन्ने व्यवस्था गर्न सकिन्छ ।

**टिएमएसमार्फत ब्रोकर तथा प्रयोगकर्ताले के-के गर्न सक्छन् ?**
ब्रोकर तथा Online Client ले Buy/Sell Order राखी कारोबार गर्न सक्छन् । Order को हरेक अवस्थाको जानकारी Order Book मा गई प्राप्त गर्न सकिन्छ । जस्तै Order Match भएको छैन भने Open Status, Order पूर्णरुपमा म्याच भएमा Completed, आदेश Cancel भएमा Cancel, Partially Match भएमा Partially Trade भनी देख्न सकिन्छ । त्यसैगरी Order Reject भएमा Rejected भन्ने Status देख्न सकिन्छ र यसरी Order Reject वा Cancel भएको अवस्थामा यसको कारण समेत हेर्न सकिन्छ । अनलाइन लगानीकर्ता तथा ब्रोकरका लागि ट्रेड म्यानेजमेन्ट सिस्टममा आफ्नो पुरानो Order तथा कारोबार हेर्ने सुविधा छ ।

**हितग्राही खाता र कारोबार खातालाई किन आवद्ध गर्नुपर्छ ?**
लगानीकर्ताको एउटा हितग्राही खातालाई सदस्य दलालसँग खोलिएको एउटा कारोबार खातासँग आवद्ध गरेपछि मात्र नट्समा कारोबार गर्न सकिन्छ । यसले कारोबार पछिको राफसाफ तथा फछ्र्यौटलाई सहज बनाउँछ ।

**अनलाइन कारोबार सुविधा लिएका लगानीकर्ताले Offline कारोबार गर्न सक्छन् कि सक्दैनन् ?**
Online User ब्रोकरमार्फत वा आफैंले खरिद बिक्री आदेश प्रविष्टि गरी कारोबार गर्न सक्छन् । लगानीकर्ताले कुनै पनि ब्रोकरमा खाता खोल्दा Offline वा Online भनि जानकारी गराउनु पर्दछ ।

**अनलाइन भुक्तानी/फन्ड ट्रान्सफर कसरी गर्ने ?**
ग्लोबल आइएमई, नेपाल इन्भेस्टमेन्ट, प्रभु र सिद्धार्थ गरी चार वटा Clearing Bank नेप्से TMS संग आवद्ध छन् । ट्रेड म्यानेजमेन्ट सिस्टमको माध्यमबाट सम्बन्धित बैंकको e-Banking Portal मा गई लगानीकर्ताले ब्रोकरको Account मा Fund/Collateral Transfer गरी कारोबार गर्न सक्छन् । नेपाल क्लियरिङ हाउस लिमिटेडसँग आवद्ध बैंक तथा वित्तीय संस्थाबाट पनि यो सुविधा लिन सकिन्छ ।


**कारोबार सीमा भनेको के हो ?**
ब्रोकरले हरेक लगानीकर्तालाई आवश्यकता अनुसार कारोबार सीमा (Trading Limit) दिई कारोबारको जोखिम न्यूनीकरण गरेका हुन्छन् । ब्रोकरले आफ्नो TMS बाट कुन User ले कति धितो (Collateral) प्रयोग गरेको छ भन्ने जानकारी समेत पाउन सक्छन् ।

**कारोबारका लागि किन धितो जम्मा गर्ने ?**
कारोबार गर्नको लागि ग्राहकले आफ्नो ब्रोकरसँग धितो जम्मा गर्नुपर्छ । धितो जम्मा गरेको आधारमा ब्रोकरले लगानीकर्तालाई कारोबार सीमा प्रदान गर्छन् ।

**मार्केट वाच र मार्केट डेप्थबाट के गर्न सकिन्छ ?**
Market Watch/Market Depth तथा Buy/Sell Window मा गई कारोबारको आदेश प्रविष्टि गर्न सकिन्छ । Market Depth Window मा गई त्यहाँ रहेको Buy/Sell Button मा Click गरी आदेश प्रविष्टि गर्न सकिन्छ । यसले गर्दा आदेश प्रविष्टिका लागि Buy/Sell Stock Menu मा गई राख्नु पर्दैन ।

NEPSE
Nepal Stock Exchange
**नेपाल स्टक एक्सचेञ्ज लि.**
फोन नं.: ०१-४२५०७५५, ४२५०७५६, ४२५०७५७
युएनआई शान्ति मार्ग, भद्रकाली, काठमाडौं ।
इमेल: info@nepalstock.com





# मिडियामा कार्टुन : क्रेज छ, लगानी छैन



सानुराज डंगोल

" व्यंग्य चित्र अर्थात कार्टुनलाई बुझ्न न भाषाको आवश्यकता पर्दछ, न त विश्वविद्यालयको कुनै डिग्री । यसलाई बुझ्न मानिस, समाज, राजनीति, शक्ति या सत्ता आदिको रङ र चरित्र बुझे मात्रै पुग्छ ।

सन् २००५ मा द गार्डियनका कार्टुनिस्ट डेभिड अस्टिनले भनेका थिए-"अखबारका पाठकहरूले प्रत्येक बिहान उनीहरूलाई घेरेका विपत्तिहरू र पीडाहरू अन्तिम होइनन् र हुँदैनन् भन्ने आश्वासन दिन कार्टुनहरू हेर्छन् ।"

वास्तवमा कार्टुन भनेकै विकृति, विसंगति तथा समाजका नकारात्मक पक्षमाथिको कटाक्ष हो । सटिक रेखा वा रङद्वारा हाँस्यचेतसहित गरिएको प्रस्तुति नै कार्टुन अर्थात् 'व्यंग्यचित्र' हो ।

व्यंग्यचित्र कार्टुनद्वारा विकृति विसङ्गति विरुद्ध कार्टुन व्यंग्यचित्र प्रहार गरिदै आइरहेको छ । कार्टुन समाजलाई सचेत गराउने कलात्मक खुराक हो । अझ पत्रकारितामा यसलाई 'चटनी/अचार'का रूपमा लिँदा पनि हुन्छ । कार्टुन रेखा वा रङद्वारा आमजनतामा सूचना र भावना पस्कने दृश्य भाषा हो । हुन त दृश्य भाषाको शक्ति निकै तेज हुन्छ ।

नेपालमा कार्टुनचित्र बनाउने क्रम कहिलेदेखि सुरु भयो, त्यसको यकिन इतिहास भने पाइएको छैन । नेपालमा धार्मिक तथा सामाजिक रूपमा कार्टुन बनाएको पाइन्छ । स्वस्थानी कथामा वर्णन गरिएअनुसार शिवजीले दक्ष प्रजापतिको टाउको बोकाको बनाएको प्रसंगसँग जोडेर बनाइएका चित्र पनि कार्टुन नै हुन् । यस्तै, गणेशको टाउको हात्तीको र शरीर मानिसको रहेको आकृतिलगायतका धार्मिक ग्रन्थमा वर्णन गरिएअनुसार कतिपय राक्षस गणको आकृति पनि वास्तविकभन्दा फरक कार्टुन रूपमै बनाएको पाइन्छ ।

राणा प्रधानमन्त्री श्री ३ जुद्ध शमशेरको श्रीपेचलाई हात्तीको सुँढबाट निस्किएको पानीको फोहोराले फ्याँकिरहेको र राजाको (त्रिभुवन) श्रीपेच सिंहले जोगाइरहेको कार्टुन नेपाली राजनीतिमै महत्व राख्ने खालको छ । कलाकार चन्द्रमानसिंह मास्केले बनाएको उक्त कार्टुनमा हात्तीलाई जनता र कुकुरलाई राणाको प्रतीकका रूपमा देखाइएको छ । मास्केका परिवारका अनुसार १९९५ सालमै बनाइएको यही कार्टुनका कारण १९९७ सालमा चन्द्रमानलाई सर्वस्वसहित १८ वर्ष कारावासको सजाय तोकियो ।

नेपालमा कलाकारिताका कारण सत्ताद्वारा जेल भोग्ने कलाकार मास्केसँगै अर्का कलाकार तेजबहादुर चित्रकारले १९८० सालमा कलकत्तामा पहिलोपटक कलाको औपचारिक शिक्षा लिन पुगेका थिए । राणाकै सहयोगमा पढेर आएका मास्केले जहानियाँ राणाशासनकै विरुद्ध कला रचना गरेर प्रजातान्त्रिक आन्दोलनलाई सहयोग गरेका थिए । त्यसवेला राणाविरुद्धका पर्चा पम्प्लेटमा कार्टुन छापेर जनचेतना जगाउने काम गरिन्थ्यो । जसमा मास्के, केशव दुवाडी (दुवाडीका परिवारले जनाएअनुसार) लगायतका कलाकार सहभागी रहेको पाइन्थ्यो ।



००७ सालपछिको खुकुलो परिवेशमा केही कार्टुन बनाउने वातावरण भए पनि त्यति बनेको पाइँदैन । अहिलेसम्म भेटिएका कार्टुनमा गोवर्धनविक्रम शाहले तुलसी गिरीको लेख पढेपछि 'संयुक्त प्रयास'मा २०१४ सालको साउन अंकमा छपाएको कार्टुन नै पहिलो अखबारी कार्टुन मानिएको छ ।

कार्टुनको प्रभाव कतिसम्म हुन्छ भने अग्रज कार्टुनिस्ट मोहनश्याम महर्जन 'खोकना'ले विमर्श साप्ताहिकमा ०४९ साल कात्तिक २१ गते तत्कालीन प्रधानन्यायाधीश विश्वनाथ उपाध्यायका बारेमा बनाएको कार्टुनका कारण सम्पादक हरिहर विरही सात दिन जेल बस्नुपरेको थियो । कार्टुनमा नरिवलको रुखमा चढेका बाँदररूपी उपाध्यायलाई सत्तापक्ष कांग्रेसका नेता र प्रतिपक्ष नेकपा एमालेका नेताले नरिवल आफूतिर छिटो खसाल्न भनेको विषय छ । सत्ता पक्षले खोकनालाई आइन्दा यस्तो कार्टुन नबनाउन चेतावनी समेत दियो । गोरखापत्रमा ०५० साल फागुन २९ गते दुर्गा बराल 'वात्स्यायन'ले बनाएको कार्टुनका कारण संसद्मा होहल्लासँगै संसद् अवरुद्ध नै भएको थियो । नेकपा एमालेले नेपाली कांग्रेसको सरकारविरुद्ध दर्ता गराएको अविश्वासको प्रस्ताव फेल भएपछि सोही सन्दर्भमा बनाइएको कार्टुनमा मनमोहन अधिकारीले हातमा भाँचिएको तरबार लिएर पार्टी कार्यालय गइरहेको दृश्यलाई देखाइएको छ । यसै विषयलाई लिएर तत्कालीन सञ्चारमन्त्रीले स्पष्टीकरणसमेत दिनुपरेको थियो ।

ज्ञानेन्द्र शाहले लोकतन्त्रको चीरहरण गर्दै सत्ता हातमा लिएपछिको सन्दर्भमा रहेर ०६१ भदौ ५ गते कान्तिपुर दैनिकमा छापिएको वरिष्ठ कार्टुनिस्ट वात्स्यायनको कार्टुनका कारण सम्पादक नारायण वाग्लेले जिल्ला प्रशासन कार्यालय काठमाडौंमा स्पष्टीकरण दिनुपरेको थियो । साथै, तत्कालीन सञ्चारमन्त्री टंक ढकालले कान्तिपुरलाई कारबाही गर्ने चेतावनी समेत दिएका थिए । कार्टुनमा कांग्रेस सभापति गिरिजाप्रसाद कोइरालाले फोहोरमैला फ्याँक्ने ठाउँबाट सिनोरूपी गधा काँधमा बोकेर हिँडिरहेको दृश्य छ ।

सामाजिक, राजनीतिक, सांस्कृतिकलगायत मानव समाजमा सरोकार राख्ने हरेक विषय कार्टुनका आधार हुन् । शासन होस् या प्रशासन, शक्ति वा आशक्ति, विकृति होस् या कुरीति, अर्थात् यो संसारका लागि नकार मानिएका विषय कार्टुनका मुख्य खुराक हुन् ।

व्यंग्यचित्र घटनाबाट कार्टुनको शक्ति र सत्ताको मनोवृत्तिलाई बुझ्न सकिन्छ । काटुनिस्टहरूमाथि सत्ताको प्रहार निरन्तर देखिन्छ । यसबाट बुझिन्छ, नेपाली कार्टुनको विकासक्रम राजनीतिक आन्दोलनसँग प्रत्यक्ष जोडिएको छ । राजा महेन्द्रको ०१७ सालको कदमपछि कार्टुन विधाले फस्टाउने अवसर नै पाएन । पञ्चायत कालभरि नै कार्टुनको सामर्थ्य र शक्तिले समाजलाई सचेत बनाउने सहज वातावरण नै थिएन । त्यसका वावजुद २००७ सालअघिको चरणदेखि ०६२/६३ को जनआन्दोलन र अहिलेसम्म आइपुग्दा कार्टुन जनस्तरमा निकै लोकप्रिय बनेको छ । गणतन्त्रकालमा चुनौतीसँगै नेपाली कार्टुनले फस्टाउने अवसर पाएको छ । विगतका विभिन्न कालखण्ड पछि हामीकहाँ बन्ने अहिलेका कार्टुन विदेशमा बन्ने कार्टुन भन्दा कयौं गुना सभ्य र सरल छ । यहाँ कार्टुन बनाउदा पनि आचारसंहिताको परिधिभित्र बसेर कार्टुनिष्टले स्वतन्त्रतापूर्ण कार्टुन बनाइरहेका छन् । यसबारेमा चर्चित कार्टुनिष्ट रविन सायमीको भनाइबाट अझ स्पष्ट हुन्छ -"कुनै पनि देशको लोकतन्त्र कति उन्नत छ भनेर बुझ्न त्यो देशको कार्टुनिस्ट कति स्वतन्त्र छन् भनेर हेरे पुग्छ । त्यसकारण कार्टुन लोकतन्त्र मापन गर्ने एउटा साधन पनि हो ।" व्यंग्य चित्र अर्थात कार्टुनलाई बुझ्न न भाषाको आवश्यकता पर्दछ, न त विश्वविद्यालयको कुनै डिग्री । यसलाई बुझ्न मानिस, समाज, राजनीति, शक्ति या सत्ता आदिको रङ र चरित्र बुझे मात्रै पुग्छ । शब्दद्वारा थापिएका च्याँखे भकारीमा पनि घोत्लिरहनु पर्दैन । बस्, परख गर्ने भावना भए पुग्छ । हेऱ्यो, बुझ्यो, हाँस्यो रमायो, कार्टुनको शक्ति नै यही हो ।

हामीकहाँ बन्ने धेरै कार्टुन राजनीतिक ब्यंग्यका छन् । राजनीतिक कार्टुन भित्र पनि कला पक्ष हुन भने आवश्यक छ । कार्टुनमा कला पक्ष र विचार पक्ष गरि दुई पक्ष हुन्छन् । वास्तवमा विचारलाई आफ्नो चित्र कलाको माध्यमबाट पस्किने नै कार्टुन हो । त्यसकारण विचार जति बलियो हुन्छ, कला पक्ष पनि त्यति नै बलियो हुनुपर्छ भन्ने वरिष्ठ कार्टुनिष्ट अविन श्रेष्ठको मान्यता छ । कार्टुनमा विचार पक्ष मात्रै बलियो भएर पुग्दैन, त्यसमा कला पक्ष पनि उत्तिकै बलियो हुनुपर्छ । छापा पत्रपत्रिकामा कार्टुन अनिवार्य जस्तै मान्छि । कार्टुनको क्रेज अहिले पनि उस्तै छ । सञ्चारको क्षेत्रमा नयाँ नयाँ प्रविधि र माध्यम भित्रिए पनि कार्टुन निर्विकल्प हुनुपर्ने हो । तर पछिल्लो समय व्यापक बढिरहेको अनलाइन माध्यमले भने अझै कार्टुनको महत्व र प्रभावकारिताबारे बुझ्न् नसकेको आभाष हुन्छ । त्यसैले एकाधवाहेकका अनलाइन मिडियाले कार्टुनलाई त्यति महत्व दिएको पाइदैन । अबको सञ्चार युग न्यूमिडिया र डिजिटल नै हो । त्यसैले अनलाइन सञ्चार माध्यमका सञ्चालकहरुलाई कार्टुनको महत्व बुझाउदै लैजान आवश्यक छ । त्यस्तै कार्टुन बनाउनेहरुले पनि समय सन्दर्भ अनुसार आफूलाई पोख्त र अपडेटेड बनाउदै जानुपर्छ ।

**(मध्यान्हकर्मी डंगोल 'कार्टुनिष्ट क्लब अफ नेपाल'** (CCN) **का केन्द्रीय कार्यकारी सदस्य हुन् ।)**

२०औं वार्षिकोत्सव
हार्दिक बधाई तथा शुभकामना
मध्यान्ह राष्ट्रिय दैनिक २०औं वर्ष पुरा गरी २१औं वर्षमा प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
भिष्मराज अधिकारी
अध्यक्ष
राष्ट्रिय प्रजातान्त्रिक वैदेशिक रोजगार संघ
प्रवन्ध निर्देशक तथा
गणपति ओभरसिज प्रा. लि. परिवार
भानीमण्डल-४, जावलाखेल, ललितपुर, नेपाल, फोन नं.: ०१-५५२३८०२, ५५२४१४५

२०औं वार्षिकोत्सव
हार्दिक बधाई तथा शुभकामना
मध्यान्ह राष्ट्रिय दैनिक २०औं वर्ष पुरा गरी २१औं वर्षमा प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
सन्जु गुरुङ
द्वितीय उपाध्यक्ष
नेपाल वैदेशिक रोजगार व्यवसायी संघ
प्रवन्ध निर्देशक तथा
अल करिम ह्युमेन रिसोर्सेस प्रा. लि. परिवार
चक्रपथ, काठमाडौं, फोन नं.: ०१-४५२१०५६, ४५२११०८, ४५२१०६६, ४५२१०७६

२०औं वार्षिकोत्सव
हार्दिक बधाई तथा शुभकामना
मध्यान्ह राष्ट्रिय दैनिक २०औं वर्ष पुरा गरी २१औं वर्षमा प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
AL HAYA H.R. SOLUTION PVT. LTD.
AL HAYA H.R. SOLUTION PVT. LTD. Family
P.O.Box: 19232, Shantinagar-34, Kathmandu, Tel: 4620295, 4620879

हार्दिक बधाई तथा शुभकामना
नेपाली राजनीति, अर्थ, खेलकुद, मनोरञ्जनका साथै विशेष गरी वैदेशिक रोजगार र यस सँग सरोकार राख्ने विषयमा प्राथमिकताका साथ समाचार सम्प्रेषण गर्दै आइरहेको मध्यान्ह राष्ट्रिय दैनिक २० वर्ष पूरा गरी
२१ औं वर्षमा
प्रवेश गरेको अवसरमा हार्दिक बधाई तथा उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौं ।
Manaslu ADVERTISING & MEDIA PVT. LTD.
Newplaza, Kathmandu, Nepal
Phone No : 01-4436965, Fax: 01-4436965
Email : manasluad@gmail.com

हार्दिक बधाई तथा शुभकामना
मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररूपमा आफ्नो प्रकाशनको २० औं वर्ष पूरा गरी २१ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
गाउँबासीमा अनुरोध
- व्यक्तिगत घटना दर्ता समयमै गरौं । र, आफ्नो सन्तानको भविष्य सुनिश्चित गरौं ।
- गाउँपालिकाबाट इजाजत लिएर घरनक्सा पास गरेर मात्र घर निर्माण गरौं ।
- वैदेशिक रोजगारमा जाँदा आवश्यक सूचना प्राप्त गरेर मात्रै जाऔं ।
- साबुनपानीले हात धुने बानी बसालौं ।
- हावाहुरीबाट हुने आगलागीबाट बचौं । र, अरूलाई पनि सावधानी गराऔं ।
- सरसफाइमा ध्यान दिऔं । र, फोहोरमैला जथाभावी नफालौं ।
- कुपोषण न्यूनिकरण गर्न हरेकबार खानचारलाई प्रवर्द्धन गरौं ।
- लैंगिक हिंसाविरूद्धको आवाज बुलन्द पारौं । र, त्यसको अन्त्य गरौं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
तिल बहादुर थापा, अध्यक्ष
रमेश सुवेदी, प्रमुख प्रशासकीय अधिकृत
भुवन सिं गुरुङ, उपाध्यक्ष
देवघाट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देवघाट तनहु, गण्डकी प्रदेश, नेपाल

हार्दिक बधाई तथा शुभकामना
मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररूपमा आफ्नो प्रकाशनको २० औं वर्ष पूरा गरी २१ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
गाउँबासीमा अनुरोध
- व्यक्तिगत घटना दर्ता समयमै गरौं । र, आफ्नो सन्तानको भविष्य सुनिश्चित गरौं ।
- गाउँपालिकाबाट इजाजत लिएर घरनक्सा पास गरेर मात्र घर निर्माण गरौं ।
- वैदेशिक रोजगारमा जाँदा आवश्यक सूचना प्राप्त गरेर मात्रै जाऔं ।
- साबुनपानीले हात धुने बानी बसालौं ।
- हावाहुरीबाट हुने आगलागीबाट बचौं । र, अरूलाई पनि सावधानी गराऔं ।
- सरसफाइमा ध्यान दिऔं । र, फोहोरमैला जथाभावी नफालौं ।
- कुपोषण न्यूनिकरण गर्न हरेकबार खानचारलाई प्रवर्द्धन गरौं ।
- लैंगिक हिंसाविरूद्धको आवाज बुलन्द पारौं । र, त्यसको अन्त्य गरौं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
निम बहादुर के.सी., अध्यक्ष
रेशम ओली, प्रमुख प्रशासकीय अधिकृत
जुना मल्ल चन्द, उपाध्यक्ष
दार्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फारूलाचौर, दार्मा, कर्णाली प्रदेश, नेपाल ।

# सहनशक्तिको मुहान आमा




रुपा मोक्तान


> समस्या वा कठिनाइको समयमा, उनका छोराछोरीहरू मार्गदर्शन र सान्त्वनाका लागि आमाकै स्नेहयुक्त साथ र काख खोज्छन् । आमाले दिने सल्लाह र निर्दिष्ट गर्ने दिशा सन्तानका लागि सधैं भरपर्दो हुन्छन् ।

फ्रान्सका तत्कालीन शासक नेपोलियन बोनापार्टको एउटा भनाइ विश्वविख्यात छ :

मलाई तिमी आमा देउ, म तिमीलाई राष्ट्र दिन्छु ।

यही भनाइबाट व्यक्तिको जीवनमा आमाको स्थान र महत्व कति छ भन्ने छर्लङ्ग हुन्छ ।

संसारभर आमालाई माया,ममता र सहनशीलताको मूर्ति मानिन्छ। यो सर्वस्वीकार्य सत्य पनि हो । त्यसैले संसारका हरेक व्यक्तिको हृदयमा आमाका लागि छुट्टै र विशिष्ट स्थान हुन्छ। दक्षिण एसियाली देशहरुसँगै नेपाली समाजमा त अझ आमा गहिरो श्रद्धा,सम्मान र पूजाका एक्ला हकदार हुन् ।

नेपाली संस्कृतिमा, आमालाई प्रेम, करुणा र बलिदानको मूर्त रूप मानिन्छ । उनी आफ्ना छोराछोरीको पालनपोषण गर्ने, हेरचाह गर्ने र रक्षक समेत हुन्। उनी आफ्नो सन्तान र परिवारको भलाइको लागि आफ्ना हरेक इच्छा, चाहना र आवश्यकताको समेत त्याग गर्न तयार हुन्छिन् । त्यसैले आमालाई परिवारको आधार मानिन्छ । परिवारलाई एक बनाइराख्न र मजबुत बनाउन आमाको भूमिका विशेष हुन्छन् ।

सबैभन्दा महत्वपूर्ण पक्ष त के हो भने हरेक सन्तानको पहिलो पाठशाला र शिक्षक आमा नै हुन्छिन्। सन्तानको पहिलो बोलीदेखि आध्यात्मिक,नैतिक र सामाजिक शिक्षा समेत आमाबाटै प्राप्त हुन्छ । त्यसैले आमा हरेक सन्तानका लागि मार्गदर्शक हुन् । आमाले नै आफ्ना छोराछोरीहरूलाई धार्मिक विश्वास र अभ्यासहरू बारे सिकाउँछिन्। उनीहरूमा नैतिकता र नैतिकताको भावना जगाउँछिन्, र कसरी सद्भावपूर्ण जीवन बिताउने भन्ने उदाहरण बसाउँछिन् । आफ्ना छोराछोरीहरूमा सांस्कृतिक पहिचानको भावना जगाउनुको साथै उनीहरूको विरासत र उनीहरूका परम्पराको बारेमा सिकाउँने पनि आमा नै हुन्छिन् ।

पूर्वीय समाजमा आमालाई शक्ति र सान्त्वनाको स्रोतको रूपमा पनि हेरिन्छ। समस्या वा कठिनाइको समयमा, उनका छोराछोरीहरू मार्गदर्शन र सान्त्वनाका लागि आमाकै स्नेहयुक्त साथ र काख खोज्छन्। आमाले दिने सल्लाह र निर्दिष्ट गर्ने दिशा सन्तानका लागि सधैं भरपर्दो हुन्छन्। आमासँग हरेक समस्याका कुनै न कुनै समाधान वा उपाय हुन्छन् भन्नेमा सबै छोराछोरी विश्वस्त हुन्छन्। यो पूर्वीय समाजको सुन्दर पक्ष हो । यही सौन्दर्यले यहाँको समाज र परिवार अन्यको भन्दा भिन्न र बलियो छ।

आमा र उनको छोराछोरी बीचको सम्बन्ध सधैं अद्वितीय र विशेष रहन्छ। जुन विश्वास, प्रेम र पारस्परिक सम्मानमा निर्मित छ । आमाले नै आफ्ना छोराछोरीहरूलाई दयालु र जिम्मेवार व्यक्ति बन्न सिकाउँछिन् । उनीहरूमा आत्म-मूल्य र आत्म-विश्वासको भावना जगाउँछिन्। उनीहरूलाई जीवनमा सफल हुन आवश्यक पर्ने सीप र ज्ञान विकास गर्न मद्दत गर्छिन् ।

नेपाली समाजमा विवाहपछि पनि आमाको ठूलो महत्व हुन्छ । यहाँ सासुलाई वैवाहिक जीवनपछिको सबैभन्दा महत्वपूर्ण व्यक्तिको रूपमा मानिन्छ । किनभने आफ्नो दाम्पत्य जीवनको प्रारम्भिक दिनहरूमा बुहारीलाई मार्गदर्शन गर्ने र समर्थन गर्ने सासु नै हुन् । अधिकांश भारतीय र नेपाली परिवारहरूमा सासु र बुहारीहरूबीचको बन्धन घनिष्ठ, आपसी प्रेम, सम्मान र समझदारीमा आधारित हुन्छ । एउटा परिवेश र आदर्श भएको परिवारमा जन्मेर, हुर्केकी छोरीलाई अर्कै परिवार, परिवेश र आदर्शमा अभ्यस्त गराएर सहजीकरण गर्ने काम सासुबाट हुन्छ । छोरीहरुले जन्मदिने आमासँग बरु जीवनको एउटा निश्चित उमेरसम्म मात्र विताउने हो, त्यसपछिको बाँकी सबै उमेर पतिकै घरमा बित्छ उनको। त्यसैले नेपाली समाजले सासुलाई पनि आमाकै स्थान दिएको छ ।

संस्कृतमा एउटा श्लोक छ "मातृ देवो भव" जसको अर्थ हो आमा साक्षात देवता हुन्। आमाको निस्वार्थ र त्याग गर्ने व्यक्तित्वलाई अर्को श्लोक "जय जननी जय भव"ले अझ बढी प्रतिबिम्बित गर्दछ ।

आमा जति शक्तिको प्रतीक हुन् त्यति नै लचिलोपन र सहनशीलताकी विम्ब । वास्तवमै आमाहरु जतिसुकै कठिन परिस्थितिहरू ह्यान्डल गर्न सक्षम हुन्छिन् । अप्ठ्यारो परिस्थितिमा पनि आफ्ना परिवारका सदस्यहरूलाई भावनात्मक सहयोग गर्न सधैं तत्पर रहन्छिन् । हरेक छोराछोरीका लागि आफ्नी आमा नै रोल मोडल हुन् । सामाजिक मूल्य मान्याता, पारिवारिक संस्कारसँगै कर्तव्य र जिम्मेवारीको पाठ पनि छोराछोरीले आमाबाटै सिक्छन् । त्यसैले आमालाई श्रद्धा र सम्मान गरौं, किनकि यसको पहिलो र एक्ला हकदार उनी मात्र हुन् । हाम्रो सफलता,असफलता,सुख र दुख यी सबै हामीले आमाप्रति समर्पित गर्नुपर्छ। किनकि आमाले यी सबै कुरा हाम्रा लागि समर्पित गरेकी हुन्छिन् । संसारमा आमाविना केही सम्भव छैन र आमाका लागि असम्भव केही छैन ।

*यति महान आमाहरुलाई सलाम ।*




हार्दिक बधाई तथा शुभकामना

मध्यान्ह राष्ट्रिय दैनिक २०औं वर्ष पुरा गरी २१औं वर्षमा प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

गोविन्द थपलिया
प्रवन्ध निर्देशक तथा
कोशी ईन्टरनेशनल सर्भिसेज् प्रा. लि.
परिवार
फुर्तिमान मार्ग, विशालनगर- ४, काठमाडौं, नेपाल
फोन: ४४२३६०३, ४४२३६०४

हार्दिक बधाई तथा शुभकामना

मध्यान्ह राष्ट्रिय दैनिक २०औं वर्ष पुरा गरी २१औं वर्षमा प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

अन्जन श्रेष्ठ
सि.ई.ओ. तथा
मोन्टेज ओभरसिज प्रा. लि.
परिवार
कलंकी, काठमाडौं, नेपाल, फोन : ०१-४२८७११९

हार्दिक बधाई तथा शुभकामना

मध्यान्ह राष्ट्रिय दैनिक २०औं वर्ष पुरा गरी २१औं वर्षमा प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

CP KUSHWAHA (SAGAR)
(हाल मलेशिया)
Managing Director &
FUTURE MINDS PVT. LTD.
Family
एयरपोर्ट, सिनामंगल, काठमाडौं, फोन : ४१११०४४
ई-मेल: info@futureminds.com.np, futuremindshr@gmail.com

हार्दिक बधाई तथा शुभकामना

नेपाली राजनीति, अर्थ, खेलकुद, मनोरञ्जनका साथै विशेष गरी वैदेशिक रोजगार र यस सँग सरोकार राख्ने विषयमा प्राथमिकताका साथ समाचार सम्प्रेषण गर्दै आइरहेको मध्यान्ह राष्ट्रिय दैनिक २० वर्ष पुरा गरी
२१ औं वर्षमा
प्रवेश गरेको अवसरमा हार्दिक बधाई तथा उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौं ।

जोशन श्रेष्ठ
प्रबन्ध निर्देशक
युग पब्लिकेशन । नवयुग मिडिया
विराटनगर-११ मो.: ९८४२४८५९९९ ९८१४३०३६५३
इमेल: joshanstha123@gmail.com

हार्दिक बधाई तथा शुभकामना

मध्यान्ह राष्ट्रिय दैनिक २०औं वर्ष पुरा गरी २१औं वर्षमा प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

ऋषिराज आचार्य
(निर्माता/निर्देशक)
तथा
आर. बि. मुभिज परिवार

हार्दिक बधाई तथा शुभकामना

मध्यान्ह राष्ट्रिय दैनिक २०औं वर्ष पुरा गरी २१औं वर्षमा प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

HEMA GURUNG
Chairman &
WINNER H.R. SOLUTION PVT.LTD.
Family
Opposite Side of Bhatbhateni TVS Showroom 3rd Floor | Tel: 01-5911104

# युद्धबाट जन्मिएको बिहानीको संगीत



मानबहादुर वि.क.

> आफ्नो व्यक्तिगत इच्छा, चाहना र सपनाहरुलाई तिलाञ्जली दिएर देश र जनताका लागि नवीन विहानीको खोजीमा हिंडेका मनबहादुरले आफैं विहानीको परिचय बनाए ।

"बिहानी उषा छायो, उठ चन्द्रसूर्य लहरायो" देश तिमीसँग छैन, कुनै गुनासो यो लगायत यस्तै यस्ता थुप्रै देशभक्ति गीतहरु बिहानीपखको झुल्के घाममा रेडियोमा बजिरहन्छन् । देश प्रतिको अपार माया बोकेका यी गीत र संगीतले नेपालीहरुको मन मुट्टु नै छुने गर्छ ।

हुन त मान्छेका आआफ्ना सपना र लक्ष्य फरक फरक हुन्छन् । मानिसले एक मात्र लक्ष्य लिएर मात्रै अगाडि बढ्यो भने त्यो लक्ष्यमा कुनै न कुनै दिन अवश्य पुगिन्छ नै । संगीत जीविकाको पथ पेशा वा प्रशाधन पनि हो । नेपालमा संगीत व्यवसायबाट बाँच्ने कलाकारहरु धेरै भइसकेका छन् । दक्ष र क्षमतावान् कलाकारका लागि विश्वको कुनै पनि भागमा पुग्न र कला प्रस्तुत गर्न अहिले कुनै सारोगाह्रो परेको देखिदैन । त्यसैले हिजोआज संगीत मनोरञ्जन वा आमोद प्रमोदको विषयवस्तु मात्र नभई जीवनको अपरिहार्य आधार भइसकेको छ ।

नेपाली मनोरञ्जन क्षेत्रका एक बहुप्रतिभाशाली व्यक्ति नै भन्दा फरक नपर्ला । मनबहादुर विश्वकर्मा अर्थात् बिहानी बिक संगीतकार, गायक तथा गीतकारको परिचय बनाएका व्यक्ति हुन् । विक्रम संम्वत् २०४२ साल असार ७ गते जन्मिएका बिहानी आमा कौशी र बुवा कर्ण लुवारका जेष्ठ सुपुत्र हुन् । फरक क्षमता भएका संगीतकार बिकको जन्म सँगै घरको चुलो बाँडिएको कथन छ । अरु भन्दा अलि शरीरको छाला फरक भएको कारण र गोरो वर्ण पहिचान भएकै कारण उनका आमाबुवाले समेत समाज र आफन्तको तिरस्कार सहनु परेको थियो । गरिबी अभाव र अनगिन्ति अप्ठ्यारो परिस्थितिका बाबजुत हाँस्दै खेल्दै बिहानीले कक्षा ५ उत्तीर्ण गरे । त्यसपछि उनको बाँकी बालापन माओवादी सशस्त्र युद्धमा बम र गोलीसँग खेल्दै बित्यो । अन्याय र असमानताको पर्खाल भत्काउँदै न्याय र समानताको राज्य सत्ता स्थापना गर्ने लक्ष्य सहित २०५२ सालमा देशमा चलिरहेको सशस्त्र युद्धबाट कालीकोट जिल्ला पनि अछुत थिएन । कालीकोटमा माओवादी युद्ध उत्कर्षमा पुगेको समयमा आफ्नो पढाइलाई थाति राखेर बिहानी २०५६ बैशाख ४ गते सशस्त्र युद्धमा होमिए । त्यसबेला उनको उमेर मात्र १४ वर्ष थियो ।

गीत संगीत सर्वप्रिय विषय र क्षेत्र पनि हो । गाउँ घरमा हुने रत्यौली र विद्यालयस्तरीय सांस्कृतिक कार्यक्रमहरुमा गायन र वाद्य वादनमा सक्रिय सहभागिता हुँदै आएका बिहानी माओवादी पार्टीमा आवद्द भएपछि उनको सांस्कृतिक र सांगीतिक यात्रा औपचारिक रुपमै आरम्भ भयो । उक्त यात्रा झण्डै एक दशक अर्थात २०६५ सालसम्म जारी रह्यो । विना कुनै गुरु र औपचारिक संगीत शिक्षा गीत संगीतको यात्रा तय गरेका मनबहादुरले २ सय बढी गीत संगीतको सिर्जना गरे । त्यसबीचमा उनले गीत संगीत सम्बन्धी प्रशिक्षण र सांस्कृतिक अभियान समेत चलाएका थिए । उनले २०६९ सालमा सत्य युगदर्शन संगीत महाविद्यालयबाट गायन विधामा सिनियर डिप्लोमा गरेपछि उनी काठमाडौं पुगे । त्यस पश्चात गायक बिकको जीवनले नयाँ मोड लियो । मनबहादुरका गीतमा वर्गीय पक्षधरता पाइन्छ, जातीय छुवाछुत, वर्गचेत चरित्र र जीवन रुपान्तरणकारी चेतना पाइन्छ । त्यसैले उनले विभिन्न कालखण्डमा विभिन्न संघ संस्थाबाट सम्मानित पुरस्कृत भएका छन् ।

बाजे बराजुको सिंगो जीवन ठूलाबडा र बडा साहु महासयहरुको हलो जोतेर नै बितेको उनी बताउँछन् । उनको बुवाको समयसम्म आइपुग्दा पनि दलितहरुले स्कूल पढ्नु हुँदैन, ज्ञानगुनका कुरा सिक्नु हुँदैन, राम्रो लगाउनु र मिठो खानु हुँदैन भन्ने थुप्रै विभेदकारी सोँच विद्यमान थियो । त्यसैले स्कूल, अस्पताल, पाटीपौवा, धारा पधँरामा उनले पनि धेरैपटक अपमानजनक र हपहेलित व्यवहार




*गायक तथा संगीतकार बिहानी वि.क.*

खेप्नुपर्‍यो । माओवादी युद्धमा लाग्दा उनी राजनीतिक सिद्धान्त बुझेर होइन समाजमा भइरहेका तिनै अन्याय, अत्याचार, शोषण र दमनका विरुद्ध उठेको आवाज सुनेर लागेका थिए । युद्धको मैदान नै उनको राजनीतिक स्कूल थियो । त्यसैले उनी गर्भका साथ भन्छन्-मैले राजनीति कखरा सशस्त्र युद्ध र जनताबाटै सिकेको हूँ । कालीकोटको मान्मबाट सुरु भएको उनको राजनीतिक र जनवादी गीत संगीतको यात्रा जारी रहेकै समयमा साथी बालकृष्ण तिमिल्सिनासँगै उनी तत्कालीन शाही नेपाली सेनाको गिराप्तारीमा परे । उनीहरुलाई शाही सेनाको सुर्खेत वीरेन्द्रनगर स्थित मंगलगढी ब्यारेक भित्र साढे तीन महिनासम्म नजर बन्दमा राखे । आस्थाका बन्दी उनीहरुमाथि सेनाले निरन्तर शारीरिक र मानसिक यातना दिइरह्यो । त्यहीँ क्रममै मनबहादुरको दाँया हात र बायाँ खुट्टा भाँचियो भने टाउको समेत फुट्यो । उनको चारओटा बङ्गरा पनि झरेका छन् । बिद्युतीय करेन्ट लगाउँदा आँखाको ज्योति समेत गुमाउन पर्‍यो ।

साढे तीन महिना शाही सेना र तीन महिना प्रहरी हिरासतपछि अदालतको आदेशमा उनले १८ महिना कारावासको सँजाय पनि खेपे । तर त्यसका वावजुद पनि उनले आफ्नो राजनीतिक विद्रोहलाई सेलाउन र चिसिन दिएनन् । २०६२-६३ सालको १९ दिने जनआन्दोलनको समर्थनमा जेल भित्रैबाट नाराबाजी र जेल तोडफोडमा समेत उत्रिए । नभन्दै २०६३ साल जेष्ठ ३ गते निरंकुश राजतन्त्र ढल्यो र मुलुकमा लोकतान्त्रिक गणतन्त्रको विहानी उदायो । त्यससँगै शाही सरकारले लगायतका झुट्टा मुद्दा र आतंककारी अध्यायदेश खारेज भयो । माओवादी आस्थाका बन्दीहरुको रिहा हुन थालेपछि मात्र २०६३ साल भदौ २ गते मनबहादुर पनि जेल जीवनबाट मुक्त भए ।

२०६४ सालमा उनी नेकपा माओवादी कालीकोट जिल्ला कमिटी सदस्य र चुली जनसांस्कृतिक महासंघ भेगको सदस्यसँगै पश्चिमी सामना सांस्कृतिक समूहको सदस्य भए । २०६५ साल असोजमा उनी भारत निर्वासित भए र झण्डै ६ वर्ष उतै बसे ।

भारतमा रहँदा पनि उनले जनवादी गीत संगीतको सिर्जनालाई तिलाञ्जलि दिएनन् । २०६७ सालमा नेपाली एकता समाज भारत प्रदेश कमिटी सदस्य बनेका उनी जनसांस्कृतिक मञ्चको सह संयोजक समेत थिए । ६ वर्ष भारतको बसाईका क्रममा उनले गायन विधामा सिनियर डिप्लो उत्तीर्ण गरे । २०७१ सालमा पुनः नेपाल फर्किएर उनी जनवादी गीत संगीतमै समर्पित भएर लागे । हाल उनी नेकपा माओवादी समाजवादीको स्थायी समिति सदस्य र अखिल नेपाल जनसांस्कृतिक महासंघ प्याक्सनको इन्चार्ज छन् । २०७१ सालमा सामना सांस्कृतिक समूहकी लोकप्रिय गायिका प्रगति हिङमाङसँग दोस्रो अन्तरजातीय विवाह गरेका मनबहादुरका एक छोरा र एक छोरी छन् । उनको जीवन संगिनी प्रगतिले पनि सशस्त्र युद्धका क्रममा बम बिस्फोटमा परी दुबै आँखा गुमाएकी थिइन् । उनी एक कुशल गायिका हुन् ।

आफ्नो व्यक्तिगत इच्छा, चाहना र सपनाहरुलाई तिलाञ्जली दिएर देश र जनताका लागि नवीन विहानीको खोजीमा हिंडेका मनबहादुरले आफैं विहानीको परिचय बनाए । उनको योगदान र सिर्जनाको कदरस्वरुप गायक बिहानीले लोकदोहोरी प्रतिष्ठान कदरपत्र, सर्वजीत अगत अन्तर्राष्ट्रिय पुरस्कार, रेडियो नेपाल कदर पत्र, ईच्छुक सांस्कृतिक सम्मानसहित सामूहिक गायन तर्फ २०१८ मा गिनिज बुकमा नाम लेख्न समेत सफल भए ।

२०औं वार्षिकोत्सव
हार्दिक बधाई तथा शुभकामना
मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररुपमा आफ्नो २०औं वर्ष पुरा गरी २१औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
Gurkhas Finance Ltd.
गोर्खाज फाइनान्स लि.
(नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्र प्राप्त संस्था)
Charkhal, Dillibazar, Kathmandu
Tel: 014437401, 014425960
info@gurkhasfinance.com.np

२०औं वार्षिकोत्सव
हार्दिक बधाई तथा शुभकामना
